राष्ट्र सेवामा समर्पित हुनुस्: प्रधानमन्त्री शाह | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ३११ • २०८२ साल चैत २७ गते शुक्रबार (10 April, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सिरहाका मेयरविरुद्ध मुद्दा दर्ता




**टुडे समाचारदाता**

सिरहा । सिरहाको सिरहा नगरपालिकामा कर्मचारी कुटपिट गरेको भन्दै मेयर नवीन यादवमाथि अभद्र व्यवहारको मुद्दा दर्ता भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले मेयर यादवसहित २ जनामाथि मुद्दा दर्ता भइ अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाएको छ । ५० वर्षीय कार्यालय सहयोगी रामशरण यादवको जाहेरीका आधारमा मेयर यादव र रोहित मेस्तरविरुद्ध मुद्दा अघि बढाइएको छ । सिरहा प्रहरीले म्याद थपको अनुमति पनि लिइसकेको छ ।

गत सोमबार बिहान कार्यालय समयमै उपस्थित नभएको विषयलाई लिएर शुरू भएको विवाद चर्किएपछि घम्साघम्सीमा परिणत भएको थियो । मेयर यादवमाथि कार्यालय सहयोगीलाई लात्ती र मुक्काले आक्रमण गरेको आरोप लगाइएको छ । त्यसपछि बाहिरका व्यक्तिहरु ल्याएरसमेत पुनः कुटपिट गराएको पीडित पक्षले बताए ।

सो घटनापछि आक्रोशित कर्मचारीहरूले मेयर यादवमाथि कारबाहीको माग गर्दै नगरपालिकाको कार्यल्य अगाडि धर्ना तथा प्रदर्शन गरेको थियो ।

आन्दोलनरत कर्मचारीहरूले पीडितको निःशुल्क उपचार हुनुपर्ने, उचित क्षतिपूर्ति, दोषीमाथि कारबाही र सुरक्षित तथा सम्मानजनक काम गर्ने वातावरणको सुनिश्चितता गर्नुपर्ने माग अघि सार्दै बिहीबार कार्यालयको सम्पूर्ण कामकाज नै ठप्प गरेका छन् ।

# जेन- जी रुबी: उपसभामुखमा उम्मेदवारी, आज निर्वाचन

## निजी जागिरदेखि सांसद र अब उपसभामुखतर्फको यात्रा तय

**टुडे समाचारदाता**

जनकपुरधाम । उपसभामुख पदमा श्रम संस्कृति पार्टीबाट रुबीकुमारी ठाकुर र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) बाट सरस्वती लामाको उम्मेदवारी दर्ता भएको छ ।

शुक्रबार दिउँसो ४ बजे प्रतिनिधिसभाको सदनबाट निर्वाचन प्रक्रिया अनुसार उपसभामुख चयन हुने संघीय संसद सचिवालयले जनाएको छ ।

सांसद ठाकुरलाई नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले औपचारिक रुपमा समर्थन गरेको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले पनि समर्थन गरेको छ। उपसभामुखमा ठाकुरको बलियो सम्भावना रहेको छ ।

बिहीबार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म तय भएको निर्धारित समयमा दुई जनाको उम्मेदवारी परेको थियो ।

सभामुख र उपसभामुख फरक दल र लिंग हुनुपर्ने व्यवस्था रहेको छ । यसअघि नै रास्वपाबाट डिपी अर्याल सभामुख निर्वाचित भइसकेका छन् ।

प्रतिनिधिसभामा रास्वपासहित ६ वटा दल छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको मात्रै १८२ सांसद छन् । नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ५ सांसद छन् ।

श्रम संस्कृति पार्टीबाट समानुपातिक सांसद बनेलगत्तै रुबी कुमारी ठाकुर देशव्यापी रुपमा चर्चाको विषय बनेकी छन् ।

प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएदेखि चर्चामा रहेकी एक सामान्य परिवारकी रुबी अब उपसभामुख बन्ने प्रायः निश्चित नै छ । यसले गर्दा पनि उनी अहिले थप चर्चामा छिन् । कुनै राजनीतिक पृष्ठभूमि नभएकी रुबी नेपालको इतिहासमा सबैभन्दा कम २५ वर्षको उमेरमै उपसभामुख बन्ने भएकी छन् ।




जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियाकी रुबी सामान्य कपाल काट्ने ठाकुर(हजाम) परिवारकी छोरी हुन् । उनी दुई महिना अघि मात्रै श्रम संस्कृति पार्टीमा जोडिएकी थिइन् ।

जेन- जी आन्दोलनबाटै देशका लागि केही गरौँ भन्ने सोच बनाएर सामाजिक कार्यमा लागेकी रुबी निर्वाचनको करिब तीन महिना अघि श्रम संस्कृति पार्टीका मधेश प्रदेश पदाधिकारी दीपकजंग ठाकुरसंग सम्पर्क गरी राजनीतिमा जोडिने इच्छा राखेकी थिइन् । उनको इच्छा र मेहनतको सम्मान गर्दै दीपकजंगले उनको नाम समानुपातिकतर्फ सिफारिस गरेका थिए ।

दीपकजंगले भने अनुसार निर्वाचनमा घर घर गई श्रम संस्कृति पार्टीका लागि मत मागेको र त्यसबेला आफूलाई सांसद बन्नेबारेमा कल्पना नभएको उपसभामुख पदकी प्रस्तावित उम्मेदवार रुबीले बताइन् । उनले आफू समानुपातिक सूचीमा रहेको समेत थाहा नपाएको भन्दै सांसद निर्वाचित भएको कुरामा विश्वास नलागेको सुनाइन् ।

किसान सोगारथ ठाकुरले अरुको खेतमा अधियाँमा काम गर्दै परिवारको गुजारा चलाउन गाह्रो भएपछि मुजेलियामै कपाल काट्ने सानो सैलुन पसल सञ्चालन गर्दै आएका थिए । सोगारथ सैलुनबाट पनि परिवारको गुजारा चलाउन सम्भव नभएपछि करिब ८ वर्षअघि साउदी अरब वैदेशिक रोजगारमा गएका थिए । छोरी रुबी सांसदमा चयन भएको बेला पनि उनी वैदेशिक रोजगार साउदी अरबमै थिए । छोरी रुबी सांसद भएपछि आफू वैदेशिक रोजगारबाट फर्केको सोगारथ बताए ।

रुबी हर्क सम्पाङलाई सांसद चयन भएपछि पहिलो पटक भेटेकी हुन् ।

रुबीकी आमा रेणु ठाकुर गृहिणी हुन् । परिवारमा रुवीसहित चार बहिनी र दुई भाइ छन् । २०५६ चैत १८ गतेका दिन जेठी छोरीको रुपमा रुबीको जन्म भएको थियो ।

मुजेलियास्थित सोहनी माध्यमिक विद्यालयबाट एसइई गरेपछि उनले इञ्जिनियरिङमा डिप्लोमा गरिन् । सांसद निर्वाचित हुनु अघिसम्म उनी वास्तु आर्किटेक्चरमा करिब ८ महिनादेखि कार्यरत थिइन् ।

राजनीतिक पृष्ठभूमी नभएकी र सामान्य परिवारकी रुबी अब आफ्नो समस्याभन्दा देशको समस्यामा काम गर्ने दृढता व्यक्त गरिन् ।

मधेशमा बेरोजगारी र दहेज मुख्य समस्या रहेको उनको बुझाइ छ । यसबारे संसदबाट कानुन बनाएर अघि बढ्ने उनको प्रण छ ।

डिप्लोमा इञ्जिनियरिङ गरिसकेकी रुबी अब बीई (ब्याचलर इञ्जिनियरिङ) आफ्नै गाउँठाउँ अर्थात् जनकपुरधामबाटै गर्ने सोचमा छिन् । सांसदको जिम्मेवारी पनि सम्हाल्दै उमेर छँदै समय मिलाएर बीई गर्ने सोच रहेको रुबी बताइन् ।

जेन- जी उमेरमै उपसभामुख जस्तो सम्मानित पदमा पुग्न लागेकी रुबी अविवाहित नै छन् । पाँच वर्ष प्रतिनिधि सभामा समय दिने र त्यसपछि समय मिलाएर अध्ययन गरेपछि विवाह गर्ने उनको भनाइ छ ।

## श्रममन्त्री साह पदमुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई पदमुक्त गरेका छन् । रास्वपाको केन्द्रीय अनुशासन आयोग र पार्टी सभापति रवि लामिछानेको सिफारिसपछि प्रधानमन्त्री साहले मन्त्री दीपक साहलाई पदमुक्त गरेका छन् ।

पार्टी आचारसंहिता र अनुशासनविपरीत काम गरेको पाइएपछि पार्टीले मन्त्री साहलाई हटाउन सिफारिस गरेको थियो । त्यसपछि मन्त्री साहलाई हटाएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

केन्द्रीय अनुशासन आयोगले मन्त्री साहले पार्टी अनुशासन र आचारसंहिताविपरीत पत्नी जुनु श्रेष्ठलाई स्वास्थ्य बीमा बोर्डको सदस्यमा मनोनयन गरेको भन्दै सभापति लामिछानेसमक्ष कारबाहीको सिफारिस गरेको थियो । सोही सिफारिस अनुसार सभापति लामिछानेले प्रधानमन्त्री साहलाई सिफारिस गरेका थिए ।

पत्नी श्रेष्ठलाई स्वास्थ्य बीमा बोर्ड सदस्य बनाउने मोह र विवादस्पद अभिव्यक्तिका कारण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री साह १३ दिनमै मन्त्री पद गुमाउनु परेको छ। प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारमा उनी चैत १२ गते श्रममन्त्री भएका थिए। मन्त्री साह भने प्रधानमन्त्री बालेन्द्र साहका नातामा साढु पर्छन् ।

मन्त्री साहले पत्नी श्रेष्ठलाई बीमा बोर्डको सदस्य बनाउन लबिङ गरेका थिए । मन्त्री साहले पत्नीलाई लामो समयदेखि निस्क्रिय रहेको बीमा बोर्डको सदस्यको नियमित काममा लगाएपछि प्रधानमन्त्री साहले पदमुक्त गर्नु परेको छ । त्यसैलाई स्वास्थ्यमन्त्री निशा मेहताले समेत 'ग्रीन सिग्नल' दिएपछि श्रेष्ठ स्वास्थ्य बीमा बोर्डको सदस्यमा पुनः नियुक्त भएकी थिइन् ।

सतहमा श्रीमती नियुक्तिको विषय देखिए पनि मन्त्री साहको पछिल्लो अभिव्यक्तिमाथि प्रधानमन्त्री कार्यालयसमेत असन्तुष्ट थियो । मन्त्री साहले बुधबार आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर बीमा बोर्ड र स्वास्थ्य मन्त्रालयको कार्यसम्पादनमाथि विवादित अभिव्यक्ति दिएका थिए ।

१० औं स्वास्थ्य बीमा दिवसको अवसरमा उनले देश नेताले मात्रै नभइ कर्मचारीले डुबाएको अभिव्यक्ति दिएका थिए ।

उनले भने 'अहिलेसम्मको अवस्थामा यति कमजोर, यति दयनीय र पीडादायी अवस्थामा स्वास्थ्य बीमा बोर्ड छ भने सबैभन्दा मुख्य भूमिका स्वास्थ्य मन्त्रालयको भएको' टिप्पणी गरेका थिए । 'यो नेताले मात्रै होइन, कर्मचारीले डुबाएको हो, यो देश हजुर । मन्त्रीको पद सम्हालेदेखि यस्तो लाग्न थालेको छ । कर्मचारीलाई तपाईहरु बढी आत्मलोचना गर्नुस् । नेताहरु घुमाउने काम बन्द गर्नुस्,' उनले कर्मचारीलाई सम्बोधन गर्दै भने, 'बोर्डको सदस्य हस्ताक्षर गर्ने मात्रै हो ? हस्ताक्षर गरेपछि के निर्णय भयो थाहा छैन । अध्यक्ष र सदस्यसचिवले जे लेखिदिए पनि चल्दोरहेछ । बोर्ड सदस्यलाई रबरस्टाम्प मात्रै प्रयोग गर्ने बन्द गर्नुपर्छ ।'

सदस्यको कार्यकारी भूमिका नभएको भन्दै साहकी श्रीमती श्रेष्ठ तीन पटकभन्दा बढी बोर्डको बैठकमा लगातार सहभागी भएकी थिइनन् । तर चैत २३ गतेको बैठकमा सहभागी भइन् । त्यसलगत्ते श्रेष्ठको पुनः नियुक्तिसम्बन्धी विषयले चर्चा पायो । बिना जानकारी तीन पटकसम्म बैठकमा सहभागी नभए कानुनत स्वतः पदमुक्तको व्यवस्था छ । 'स्वास्थ्य बीमा बोर्ड सदस्यमा मेरो नियुक्ति २०८० सालमा भएको हो । यो नियुक्ति चार वर्ष अर्थात् २०८४ सालसम्मका लागि हो,' श्रेष्ठले फेसबुक स्टाटसमा लेखेकी छन्, ' अहिलेको पुनः नियुक्तिको विषय मेरो जानकारीभन्दा बाहिरको विषय हो । साथै मैले यसबारे कुनै आधिकारिक जानकारी पाएको छैन । तसर्थ अहिलेको नियुक्तिसम्बन्धी आइरहेको खबर भ्रामक हो । र त्यसप्रति मेरो खेद छ ।'



अर्कोतर्फ श्रममन्त्री भएलगत्तै साहको ९ वर्ष अघिको पुरानो मुद्दा सार्वजनिक भएको थियो। तत्कालीन महानगरीय अपराध महाशाखा- हाल काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय) ले २०७६ असोज १६ गते एमबीबीएस परीक्षा पास गराइदिने भन्दै तत्कालीन वर्ल्ड वाइड कन्सल्टेन्सीको सञ्चालकको हैसियत रहेको बेला साह र सिन्धुलीका गणेश अधिकारीलाई पक्राउ गरेको थियो ।

प्रहरीको विवरण अनुसार काठमाण्डु नागार्जुन नगरपालिका-२ का सायसा पन्तलाई आफू पुतलीसडकस्थित वर्ल्ड वाइड कन्सल्टेन्सीमा काम गर्ने र विभिन्न डाक्टरहरूसंग राम्रो चिनजान रहेको भन्दै उनले असोज १५ गतेदेखि काठमाण्डु विश्वविद्यालयबाट हुने एमबीबीएस परीक्षामा पास गरिदिन्छु, तर पैसा लाग्छ भनेर पन्तको आमा विमला पन्तसंग दुई लाख रुपैयाँ लिने सहमति गरेको आरोप थियो । तर उक्त मुद्दामा जिल्ला र पुनरावेदनबाट सफाइ दिएको थियो । २०७३ मंसिर १० मा काठमाण्डु जिल्ला अदालतका न्यायाधीश कृष्णकमल अधिकारीको इजलासले साह र अधिकारीविरुद्धको ठगी मुद्दामा दाबी नपुग्ने भन्दै सफाइ दिएको थियो । जिल्ला अदालतको फैसला उपर सरकारी वकिल कार्यालयले २०७४ जेठ ३ गते उच्च अदालत पाटनमा पुनरावेदन दिएको थियो । उच्च अदालत पाटनका न्यायाधीश लेखनाथ घिमिरे र न्यायाधीश डा. रवि शर्मा अर्यालको इजलासले २०७४ असार ३ गते जिल्ला अदालतको फैसला नै सदर गरेको थियो ।




# कार्की प्यानल विजयी



टुडे समाचारदाता

बर्दिबास । महोत्तरीको बर्दीबास उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा दीपकबहादुर कार्कीको प्यानल विजयी भएको छ।

बुधबार साँझ सार्वजनिक परिणाम अनुसार, कार्कीले आफ्ना प्रतिस्पर्धी उत्तम श्रेष्ठलाई २७१ मतको अन्तरले पराजित गर्दै अध्यक्ष पदमा विजयी भएको हो।

निर्वाचनमा कार्कीले ८२८ मत प्राप्त गरेको छ भने प्रतिद्वन्द्वी श्रेष्ठले ५५७ मत ल्याएका थिए। कार्कीले प्राप्त गरेको मत कुल सदर मतको ५८.४७ प्रतिशत रहेको छ। यस निर्वाचनमा कार्कीले 'डमरु' र श्रेष्ठले 'कलश' चिन्ह लिएर प्रतिस्पर्धा गरेको थियो।

१७ पदका लागि सम्पन्न निर्वाचनमा कार्की प्यानलले सबै पदमा वर्चस्व जमाएको छ। प्रथम उपाध्यक्षमा रञ्जितराज ढुंगानाले ८४९ मत, द्वितीय उपाध्यक्षमा रामनाथ साह ७४३ मत, महिला उपाध्यक्षमा ज्ञानु बलम्पाकी आले ७६९ मत, महासचिवमा केदार गौतम ८१७ मत, सचिवमा रिमनाथ अधिकारी ७०० मत, कोषाध्यक्षमा सुरेन्द्रराज लामा ७२९ मत र सहकोषाध्यक्षमा संगमकुमारी आले ८२९ मत प्राप्त गरेको छ।

सदस्यतर्फ चार महिला र पाँच पुरुष सदस्यमा पनि कार्की प्यानलकै उम्मेदवार विजयी भएका छन्। मधेश प्रदेशकै चर्चित स्वास्थ्य व्यवसायीका रूपमा परिचित कार्की शुभ स्वस्तिक अस्पताल र नर्सिङ कलेजका सञ्चालक छन्। यसअघि उनले २०७० र २०७९ सालको निर्वाचनमा सदस्य पदमा सर्वाधिक मत ल्याएको थियो।

निर्वाचनपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष कार्कीले बर्दीबासको व्यावसायिक विकास र दीर्घकालीन आर्थिक समृद्धिलाई केन्द्रमा राखेर स्पष्ट योजना अनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले भने, "बर्दीबासको व्यावसायिक एकता, साझा हित र दीर्घकालीन आर्थिक समृद्धिलाई केन्द्रमा राख्दै हाम्रो टीम स्पष्ट योजनाका साथ अघि बढ्नेछौं।"

प्यानल विजयी भए पनि परम्परा तोड्दै बर्दीबासमा पहिलोपटक कुनै तामझामपूर्ण विजय जुलुस ननिकालेर नव निर्वाचित टीमले चुनावी सालीनता प्रदर्शन गरेको स्थानीयहरूले उल्लेख गरेका छन्। निर्वाचन अधिकृत विष्णु कार्कीका अनुसार, मंगलबार सम्पन्न मतदानमा संघमा आबद्ध एक हजार ६४० मतदातामध्ये एक हजार ४१६ मत खसेको थियो।

# नेपाल आँखा अस्पतालले २० हजार छात्रछात्राको आँखा परीक्षण गर्दै




काठमाण्डु । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले आगामी तीन महिनामा काठमाडौं महानगरपालिकाभित्रकासामुदायिक विद्यालयमा अध्ययनरत २० हजार छात्रछात्राको आँखा परीक्षण गर्ने भएको छ।

चालु आर्थिक वर्षभित्रै महानगरपालिकाभित्रका २० सामुदायिक विद्यालयका छात्रछात्राको आँखा परीक्षण गरी निःशुल्क चश्मा र औषधि वितरण गरिने अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंले जानकारी दिनुभयो ।अस्पतालको ५२ औँ वार्षिकोत्सवका अवसरमा विहीबार आयोजित कार्यक्रममा काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले उक्त कार्यक्रमका लागि अस्पताल र महानगरपालिकाबीच सम्झौता भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "देशको आँखा उपचार सेवामा पहुँच विस्तार र गुणस्तरीय सेवा प्रदान गर्दै आएको नेपाल आँखा अस्पतालमार्फत् सामुदायिक विद्यालयका २० हजार छात्रछात्राको आँखा परीक्षणका लागि महानगरपालिकाले सम्झौता गरेको छ।"

आगामी शैक्षिक सत्र सुरु भएसँगै सञ्चालन हुने सो कार्यक्रमका लागि महानगरपालिकाले ३० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने जनाइएको छ । गत आर्थिक बर्षमा पनि अस्पतालले १० हजार ६६६ जना विद्यार्थीको निशुल्क आँखा परीक्षण गरी चश्मा र औषधि वितरण गरेको थियो।

उक्त अस्पतालले गत आर्थिक २०८१/८२ मा बहिरङ्ग र आपतकालीन् सेवासहित एक लाख ९३ हजार ७९८ बिरामीको आँखा परीक्षण गरेको थियो। सो आर्थिक वर्षमा आँखा अस्पतालले १० हजार ६७४ जनाको आँखाको शल्यक्रिया गरेको थियो।

नेपाल आँखा अस्पतालले आफनो सिमरा, गोकर्णेश्वर, खोकना र भच्याकमा रहेको दृष्टिकेन्द्रमार्फत् स्थानीयलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पताल सञ्चालक समितिका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले पछिल्ला बर्षमा अस्पतालमा बिरामीको सङ्ख्यामा उल्लेखनीय बृद्धि भएको जनाउँदै एकै दिन ८२ वटासम्म शल्यक्रिया गरिएको जानकारी दिनुभयो । अस्पतालले आँखा उपचारमा अन्तर्राष्ट्रिय जगतमा प्रयोग भएका नवीनतम् प्रविधि भित्र्याएको जानकारी उहाँले दिनुभयो। उपकरण व्यवस्थापनमा अस्पतालको खर्च वृद्धि भएपनि बिरामीसँग लिइने शुल्क वृद्धि नगरिएको उहाँको भनाइ छ ।

अस्पताल सञ्चालक समितिका सचिव युद्धध्वज सापकोटाले देशले आँखा उपचार सेवामा गरेको लगानीबाट शिक्षा, समानता, गरिबी निवारणलगायतका क्षेत्रमा दिगो विकास लक्ष्य प्राप्तिमा ठूलो योगदान पुग्ने बताउनुभयो । कार्यक्रममा नेत्र रोग विशेषज्ञ डा प्रणव श्रेष्ठलाई वर्ष उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरियो । त्यस अवसरमा अस्पतालद्वारा प्रकाशित वार्षिक प्रतिवेदन पुस्तिका र क्यालेण्डर विमोचन गरियो । नेपाल आँखा अस्पतालको स्थापना विसं २०३० चैत २६ गते भएको थियो ।रासस

# सभामुखद्वारा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड



काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालले स्थानीय तहले जनतालाई सेवा प्रदान गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ।

नेपाल नगरपालिका सङ्घको ३३औं स्थापना दिवसको अवसरमा यहाँ विहीबार आयोजित कार्यक्रममा सभामुख अर्यालले अनुभव र असल अभ्यासको आदान-प्रदान गर्दै सामाजिक विकास तथा सुशासनलाई थप प्राथमिकता दिन आग्रह गर्नुभयो। उहाँले सेवाग्राहीलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने उल्लेख गर्दै उनले सेवामा कुनै त्रुटी गर्न नहुने बताउनुभयो।

सभामुख अर्यालले आफ्ना संस्था वा व्यक्तिगत हितभन्दा सेवाग्राहीको सन्तुष्टिलाई ध्यान दिनुपर्ने धारणा व्यक्त गर्दै जनताको मुहारमा खुसी ल्याउने र सरकारले जनताका लागि काम गरिरहेको अनुभूति दिलाउन स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभयो। स्थानीय तहलाई सुदृढ बनाउन तथा बजेटलगायत विषयमा सबै तहका सरकारबीच समन्वय आवश्यक रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

# अध्यक्षमा ठाकुर



टुडे समाचारदाता

जलेश्वर। महोत्तरीस्थित प्रादेशिक अस्पताल जलेश्वर सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा रोहितप्रसाद ठाकुर मनोनयन भएको छ।

मधेश प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मन्त्रिस्तरीय निर्णय अनुसार उनलाई उक्त पदमा मनोनयन गरिएको हो।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९ को दफा ३ को उपदफा १ (क) बमोजिम ठाकुरलाई अध्यक्षमा नियुक्त गरिएको मन्त्रालयले जनाएको छ। मनोनित अध्यक्ष ठाकुरले पदभार ग्रहण गरी सकेको छ।

# प्रधानमन्त्रीलाई नै श्रममन्त्रीको कार्यभार

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री वालेन्द्र शाहलाई नै तोकी मौजुदा मन्त्रिपरिषद्मा हेरफेर गर्नुभएको छ।

राष्ट्रपतिको कार्यालयका अनुसार प्रधानमन्त्री शाहको सिफारिसमा यही चैत १३ गते गठित मन्त्रिपरिषद्मा उक्त हेरफेर गरिएको हो।

प्रधानमन्त्री शाहले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सिफारिसमा श्रममन्त्री दीपककुमार साहलाई आज पदमुक्त गर्नुभएको थियो। योसँगै मन्त्रिपरिषद्मा अब १४ सदस्य कायम रहनुभएको छ ।रासस

# विद्यालय तहका किशोरीमा रक्तअल्पताको समस्या



काठमाण्डु । बाँकेका सबै स्थानीय तहमा विद्यालय तहका किशोरीमा रक्तअल्पताको समस्या देखिएको छ।

जिल्ला स्वास्थ्य कार्यालय, बाँकेले यहाँका सबै पालिकामा गरेको ल्याब परीक्षणमा एक हजार ३३५ किशोरीमा केही मात्रामा, ६४६ किशोरीमा मध्यम र १२ जनामा पूर्णरुपले रक्तअल्पता देखिएको स्वास्थ्य कार्यालयकी सम्पर्क व्यक्ति बसन्ती मल्लले जानकारी दिनुभयो । उहाँले सबै स्थानीय तहमध्ये नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकामा रहेका विद्यालयमा सबैभन्दा बढी रक्तअल्पताको समस्या देखिएको उल्लेख गर्दै १८ विद्यालयमा सो परीक्षण भएको बताउनुभयो।

सम्पर्क व्यक्ति मल्लले परीक्षणका क्रममा किशोरीको रगतमा हेमोग्लोबीनको मात्रा कम भएर रक्तअल्पता भएका जिल्लामा ५९ प्रतिशत किशोरी रहेको औंल्याउदै ४१ प्रतिशत सामान्य रहेको बताउनुभयो । रक्तअल्पता भनेको मानिसको शरीरको रगतमा हेमोग्लोबिनको मात्रा कम हुनु हो।

सम्पर्क व्यक्ति मल्लले विद्यालय तहका १० देखि १९ वर्षका किशोरीमा रक्तअल्पताको स्वास्थ्य समस्या देखिएको जानकारी दिँदै बालिकाको खाजा खाने अभ्यासलाई परिवर्तन गर्न सुझाव दिनुभयो। "बालिकाहरुले खाजाका रुपमा खाने चाउमीन, जङ्क फूड, चारचाउ, कुरकुरे, चटपटेलगायत मैदाका सामग्रीको खाजाले यस्तो समस्या निम्ताएको हुन सक्छ", उहाँले भन्नुभयो।

कतिपय स्थानीय तहमा दिने दिवा खाजा चाउमिन, सुक्खा भुजा लगायतले सो समस्या निम्ताएको उल्लेख गर्दै स्वास्थ्य कार्यालयले आफ्ना बच्चालाई घरमा निर्माण गरिएको खाजा खुवाउन सुझाव दिएको छ। जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा भएको ल्याव परीक्षणमा सन्तुलित भोजन तथा खाजाको प्रयोग गर्न विद्यालयलाई आग्रह गरिएको जानकारी दिँदै सम्पर्क व्यक्ति मल्लले विद्यालय वरपर पाउने जङ्क फूडको वातावरणले असर गरिरहेको बताउनुभयो।


किशोरीबाहेक किशोरमा सो समस्या हुन सक्ने उल्लेख गर्दै उहाँले किशोरी आमा बन्ने भएकाले अहिले नै रगतको मात्रा कम हुनु भविष्यमा मातृ-शिशु स्वास्थ्यका लागि जोखिमपूर्ण हुने बताउनुभयो । रगत अभावका कारण गर्भावस्था तथा प्रसुति अवस्थामा जटिलता, शिशुमा कम तौल, समयपूर्व जन्म, कुपोषण र मातृ-शिशु मृत्यु दरसमेत बढ्न सक्ने सम्पर्क व्यक्ति मल्लको भनाइ छ।

माता-शिशु मृत्यु न्यूनीकरण तथा कुपोषणलाई जरैबाट नियन्त्रण गर्न किशोरीको स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले विद्यालयमा नियमित आइरन चक्की वितरण, पोषण शिक्षा, स्वच्छता र महिनावारी स्वास्थ्य व्यवस्थापनलाई सशक्त बनाउँदै किशोरी स्वास्थ्य सुधारका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।रासस

# 'लाइसेन्स' छपाइ तीव्र गतिमा

काठमाण्डु । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ तीव्र गतिमा जारी रहेको छ । सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाका अनुसार हाल दैनिक करिब ४० हजार हाराहारी मा 'लाइसेन्स' छपाइ भइरहेको छ।

उहाँले 'लाइसेन्स' छपाइलाई उच्च प्राथमिकतामा राखिएको जानकारी दिँदै हालसम्म छपाइ हुन बाँकी रहेका करिब २९ लाख 'लाइसेन्स'लाई २०८३ साल असार मसान्तसम्म छापिसक्ने लक्ष्य राखिएको जानकारी दिनुभयो । यसमध्ये आगामी वैशाख १२ गतेभित्र १२ लाख 'लाइसेन्स' छपाइ सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ भने बाँकी १७ लाख लाइसेन्स छपाइ प्रक्रिया पनि तीव्र रूपमा अघि बढाइएको छ।



> सञ्चार तथा सूचना प्रविधि मन्त्रीले डा विक्रम तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई "लाइसेन्स" छपाइमा अवरोध आउन नदिन तथा छिटोभन्दा छिटो सबै बाँकी "लाइसेन्स" छाप्न निर्देशन दिनुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रीले डा विक्रम तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई 'लाइसेन्स' छपाइमा अवरोध आउन नदिन तथा छिटोभन्दा छिटो सबै बाँकी 'लाइसेन्स' छाप्न निर्देशन दिनुभएको छ । मन्त्रालयले नतिजामुखी शासकीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले १० प्रमुख सुधारात्मक कार्यक्रम समेटिएको विस्तृत कार्ययोजनामा समेत यो विषयलाई प्राथमिकताका साथ राखेको छ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित यो कार्ययोजना अघि बढाइएको हो ।यसैबीच, सेवाग्राहीलाई थप सहजताका लागि यातायात व्यवस्था विभागले दैनिक रूपमा छपाइ भएका तथा वितरण गरिने लाइसेन्सको विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्न थालेको छ। यसले सेवाग्राहीलाई आफ्नो लाइसेन्सको अवस्थाबारे सहज रूपमा जानकारी लिन सहयोग पुऱ्याउनेछ।


त्यस्तै, छपाइ सम्पन्न भएका लाइसेन्स हुलाक सेवामार्फत जतिसक्दो चाँडो देशभरका विभिन्न यातायात कार्यालयमा पठाइने व्यवस्था गरिएको छ। यसले वितरण प्रक्रियालाई समेत व्यवस्थित बनाएको छ । यही गतिमा काम अघि बढ्ने हो भने लामो समयदेखि थाँती रहेको लाइसेन्स वितरणको समस्या निकट भविष्यमै पूर्ण रूपमा समाधान हुने अपेक्षा गरिएको छ ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना प्रबल देखिन्छ। |
| वृष : | कामकाजमा केही ढिलाइ वा अवरोध देखा पर्न सक्छ। |
| मिथुन : | भविष्यमा लाभदायक हुने रणनीति तय गर्न सकिनेछ। |
| कर्कट : | नयाँ कार्य वा जिम्मेवारीको सम्मान र लाभ दुवै दिलाउने संकेत देखिन्छ। |
| सिंह : | सामाजिक तथा सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ। |
| कन्या : | स्वास्थ्यप्रतिविशेषध्यानदिनुउचितहुन्छ। |
| तुला : | रोकिएका तथा अधुरा कार्यहरु पुनः गति लिनेछन्। |
| वृश्चिक : | नजिकका व्यक्तिहरुसंगको सम्बन्धमा समझदारी कायम राख्नु राम्रो रहनेछ। |
| धनु : | चुनौतीपूर्ण परिस्थितिका बीच पनि लक्ष्य प्राप्त गर्न सकिने सम्भावना देखिन्छ। |
| मकर : | अध्ययनमा अपेक्षित सफलता प्राप्त गर्न थप प्रयास आवश्यक देखिन्छ। |
| कुम्भ: | दिन उत्साहपूर्ण र प्रेरणादायी रहनेछ। |
| मीन: | व्यवसायिक क्षेत्रमा सुधार तथा प्रगतिको सम्भावना देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हिन्दु धर्मग्रन्थ रामायणका पात्र रावणको २१ फिट अग्लो ढलोट धातुबाट निर्माण गरिएको मूर्ति । बेनी नगरपालिकाले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले उद्यान निर्माणसँगै उक्त मूर्ति स्थापना गरेको हो । *तस्बिरः रासस*

# प्रहरीमा दर्ता जाहेरी तथा निवेदनको प्रगति अब 'फोन वा एसएमएस'बाटै

काठमाण्डु । तपाईंले प्रहरीमा कुनै गुनासा, उजुरी तथा जाहेरी दिएर त्यसको कार्यान्वयन कहाँसम्म पुग्यो भनी जानकारी लिन हैरानी भेल्नुभएको छ ? यदि त्यस्तो समस्यामा पर्नुभएको छ भने अब त्यस्ता समस्या बेहोरिरहनु पर्ने छैन । अब त्यो जानकारी तपाईंको मोबाइलमै आइपुग्ने छ ।

नेपाल प्रहरीले अब मातहतका निकायमा प्राप्त भएका निवेदन, गुनासा तथा जाहेरीको प्रगतिबारे 'फोन वा एसएमएस'बाटै जानकारी दिने भएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले अब नागरिकका सेवा प्रभावकारी बनाउन फोन वा एसएमएसबाटै जानकारी दिने व्यवस्था सुरु गरिएको बताउनुभएको छ ।

प्रहरी प्रधान कार्यालयले एक सूचनामार्फत भनेको छ, "मुद्दा दर्ता हुने प्रहरी एकाइहरूसम्म सेवाग्राहीबाट प्राप्त हुन आएका उजुरी, निवेदन, गुनासो, जाहेरी दरखास्त आदि दर्ता भएपश्चात् त्यसको प्रगति के भयो र के-कसरी कार्यान्वयन भइरहेको छ भनेर सम्बन्धित सेवाग्राहीहरूले दिनुभएको सम्पर्क नम्बरमा फोन गरेर वा एसएमएसमार्फत सूचना दिने व्यवस्था लागू गरिएको व्यहोरा जानकारी गराउँदछौं ।"

यसरी जानकारी दिँदा सेवाग्राहीहरू प्रहरी कार्यालयमा आउनु नपर्ने भएकाले समयको बचत हुने प्रहरीको निष्कर्ष छ ।रासस

# दोस्रो आर्थिक गणना, २०८२ का गणकलाई पाँचदिने तालिम

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्न लागेको दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि छनोट भएका गणकका लागि पाँचदिने तालिम कार्यक्रम विहीबारदेखि देशभर एकैसाथ सुरु भएकोछ ।

आर्थिक गतिविधिहरूको वास्तविक अवस्था, स्वरूप तथा संरचना पहिचान गरी राष्ट्रिय अर्थतन्त्रसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको उक्त गणनाको तयारीअन्तर्गत गणकहरुलाई तालिम दिन लागिएको हो । राष्ट्रिय तथ्याङ्क कार्यालयको आयोजना तथा नेपाल पत्रकार महासङ्घसँगको सहकार्यमा बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डिराज लामिछानेले देशभर रहेका ८४ कार्यालयबाट एकैसाथ तालिम सञ्चालन गरिने जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक गणनाका लागि आवश्यक गणकको छनोट प्रक्रिया पूरा भइसकेको र सम्बन्धित स्थानीय तहमा आवश्यक पत्राचार गरिसकिएको छ । तालिम कार्यक्रम पाँच दिनसम्म सञ्चालन हुनेछ र तालिम सम्पन्न भएपछि गणकहरू देशभर आफ्नो जिम्मेवारीअनुसार खटिने छन् । प्रवक्ता लामिछानेले भन्नुभयो, "बिहीबारदेखि देशभरका ८४ कार्यालयबाट पाँचदिने तालिम सुरु हुनेछ र तालिम सम्पन्न भएपछि आगामी २०८३ वैशाख २ गतेदेखि गणकहरू देशभर आर्थिक गणनाको काममा खटिनेछन् ।"यसअघि नेपालमा पहिलो राष्ट्रिय आर्थिक गणना विसं २०७५ (वैशाख-जेठ) मा सञ्चालन भएको थियो ।रासस

# विद्यार्थीबाट गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क फिर्ता गर्न मन्त्रालयको निर्देशन

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको छ ।

मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरी केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेशविपरीत हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्ने गरेको गुनासो आएकाले उक्त रकम फिर्ता गर्न निर्देशन दिएको हो ।




मन्त्रालयले भनेको छ, "कारबाही प्रक्रियाका सम्बन्धमा यस मन्त्रालयको मिति २०८२/१२/२२ गतेको प्रेस विज्ञप्तिमार्फत सम्बन्धित सबैलाई र मूलतः सबै स्थानीय तहहरूलाई अनुरोध गरिसकिएको छ, तथापि केही संस्थागत विद्यालयबाट अझै पनि कानुनविपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा १६ घ (६) बमोजिम गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देश गरिन्छ ।"

मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६ घ (७) को प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउन पर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वयका लागि पनि अनुरोध गरेको छ ।

साथै, मन्त्रालयले विद्यार्थीको शुल्कसम्बन्धी सिकायत एवम् गुनासोको 'रिपोर्टिङ' तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा 'सहायता कक्ष' स्थापना गरिएकाले सोही कक्षमा फोन गरी थप सहायता प्राप्त गर्न सकिने र सम्पर्क व्यक्ति निर्देशक निमप्रकाश सिंह राठौर (फोन ९८५१२१४६३८ इमेल चबततजयगचर ऋबर्षे.अयफ) लाई सम्पर्क गर्न सूचित गरेको छ ।रासस

# दलित समुदायसँगको क्षमायाचनालाई संस्थागत सुधारसँग जोड्नुपर्छः इन्सेक

काठमाण्डु । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सरकारले दलित समुदायसँग गरेको क्षमायाचनालाई प्रतीकात्मक कार्यमा सीमित नराखी त्यसलाई नीतिगत, कानुनी तथा संस्थागत सुधारसँग जोड्नुपर्नेमा जोड दिएको छ ।

इन्सेकले बुधबार विज्ञप्ति जारी गर्दै व्यावहारिक सुधार र स्रोत सुनिश्चितताका लागि विभेदको अन्त्य, समान अवसरको सुनिश्चितता, शिक्षा, स्वास्थ्य, रोजगारी र न्यायमा पहुँचका लागि स्पष्ट कार्ययोजना र बजेट सुनिश्चित गर्नुपर्नेमा जोड दिएको हो । "जातीय भेदभाव विरुद्धका कार्यहरूलाई प्रभावकारी सम्बोधन गर्न जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गरी उजुरी दिने हदम्याद हालको तीन महिनाबाट बढाउनुपर्छ ।

जातीय भेदभावसम्बन्धी उजुरीहरू प्रहरीमा अनिवार्य रूपमा दर्ता हुने सुनिश्चित गर्नुपर्छ, यस्ता घटनामा निरन्तर अनुसन्धान, अभियोजन र दोषीलाई सजाय सुनिश्चित गर्नाका साथै पीडितलाई उचित उपचार र पूर्ण परिपूरणको व्यवस्था गर्नुपर्छ", विज्ञप्तिमा भनिएको छ ।

यस्तै, सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ मा राखिएको आरक्षणको पुनरावलोकन गर्नुपर्ने पनि इन्सेकको भनाइ छ । "नेपालले सन् १९७१ मा सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ अनुमोदन गर्दा राखेका आरक्षणहरू र व्याख्यात्मक घोषणाहरू नेपालको संविधान, २०७२ को मर्मविपरीत छन् । महासन्धिको धारा, ४ को पूर्ण पालना र धारा ६ बमोजिम प्रभावकारी उपचार र परिपूरण सम्बन्धमा राखेको आरक्षण फिर्ता लिनुपर्छ । साथै धारा १४ बमोजिम नागरिकले जातीय विभेदविरुद्ध महासन्धिअन्तर्गतको समितिमा व्यक्तिगत उजुरीका लागि महासन्धिको क्षेत्राधिकार स्वीकार गर्नुपर्छ", विज्ञप्तिमा उल्लेख छ ।

आरक्षण र घोषणाहरू पुनरावलोकन गरी महासन्धिअन्तर्गतका सबै दायित्वको पूर्ण र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कदम चाल्नुपर्ने संस्थाको धारणा छ ।रासस

# दुई दिन सार्वजनिक बिदालाई निरन्तरता दिन माग

चितवन । साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

सरकारले यसअघि छोटो समयका लागि गरेको दुई दिन बिदाले पर्यटकीय क्षेत्रमा केही सुधार देखिएको थियो । सरकारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ । इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरु बताउनछन् । दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन् । क्षेत्रीय होटल सङ्घ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौं ।" आफू सङ्घको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उहाँले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताउनुभयो ।

सङ्घका उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उहाँले यसलाई निरन्तरता दिन माग गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ । यो विश्वभरिनै हुने गर्दछ ।" झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरु अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्थ छन् । होटल भिष्टा चितवनका




सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क हुनुहुन्छ । उहाँले भन्नुभयो, "आन्तरिक पर्यटक वढ्नेमा हामी ढुक्क छौं ।"शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उहाँले अब आइतबार पनि पर्यटकको सङ्ख्या बढ्ने बताउनुभयो । वनवास रिसोट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताउनुभयो । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उहाँले यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ । राज्यको भार घट्छ ।" यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उहाँले बताउनुभयो ।

जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरु घुम्न आउन सहज हुन्छ ।रासस


## श्री शंकर माध्यमिक विद्यालय धनौजी

धनौजी गाउँपालिका – २, धनुषा

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयमा धनौजी गा.पा. अन्तर्गत रहेको श्री शंकर मा.बि. धनौजीमा वडा नं. २ को बजेटबाट कक्षा ० देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्ने हुँदा बिद्यालयको छनौट समितिको मिति २०८२/१२/२० गतेको निर्णय अनुसार तपसिलको विवरण समेत योग्याता पुगेको नेपाली नागरीकबाट आवेदनको लागी विज्ञापन प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

**विज्ञापन नं.**:-०१/२०८२/०८३
**पद** :- प्राथमिक शिक्षक
**सख्या** : ४ (चार)
**नियुक्तीको किसिम** :- करार
**आवश्यक न्यून्तम योग्याता** :- प्रविणता प्रमाणपत्र
**दरखास्त दिने अन्तिम मिति**:- २०८२/१२/२०. गते देखि २०८३/०१/०३ सम्म
**उमेर**:-१८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
**आवेदन दस्तुर**:- १००० (एक हजार)
**तलब भत्ता**:-वि.व्य.स को निर्णय अनुसार
**परीक्षाको किसिम**:- लिखित र अर्न्तवार्ता
**सम्पर्क मिति**:-२०८३/०१/०४ गते
**आवश्यक कागजातहरू** :
(१) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
(२) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी
(३) सम्पर्क नं. ९८०७६३२०९५(प्र.अ)
९८००८४२५७५ (वि.व्य.स.अ)

प्रधानाध्यापक


# सरकारद्वारा अमेरिका-इरान युद्धविराम सम्झौताको स्वागत

काठमाण्डु । सरकारले संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानबीच भएको युद्धविराम सम्झौताको स्वागत गरेको छ ।

परराष्ट्र मन्त्रालयले बुधबार प्रेस विज्ञप्ति जारी गरेर दुई साताका लागि युद्धविराम गर्ने सहमति हुनु पश्चिम एसियाको तनाव घटाउने सकारात्मक कदम भएको बताएको छ । यसले संवाद, कूटनीति र मतभेदको शान्तिपूर्ण समाधानका लागि अवसर सृजना गरेको जनाइएको छ ।

सरकारले युद्धविरामलाई क्षेत्रीय शान्ति र स्थायित्व प्रवर्द्धनतर्फ सकारात्मक पहलका रूपमा लिएको बताउँदै विवादको शान्तिपूर्ण समाधानका हुनुपर्नेमा जोड दिएको छ । विज्ञप्तिमा द्वन्द्वका कारण उत्पन्न मानवीय प्रभावप्रति चिन्ता व्यक्त गर्दै सर्वसाधारण नागरिकको सुरक्षा र हित सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।सरकारले क्षेत्रीय तथा विश्वव्यापी रूपमा दिगो शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने उद्देश्यले अन्तरराष्ट्रिय समुदायबाट भइरहेका सबै प्रयासप्रति समर्थन जनाएको छ ।रासस


# 'टेलिकम प्याकेज' सकिएपछि पनि सेवा निरन्तरतासम्बन्धी सुविधा ग्राहक आफैंले छनोट गर्नसक्ने

काठमाण्डु । नेपाल टेलिकमले जिएसएम प्रिपेड तथा पोस्टपेडका ग्राहकहरुले प्याकेज खरिद गरेर वा नियमित शुल्क भुक्तानी गरी डेटा सुविधा प्रयोग गरिरहेकामा अब प्याकेज खरिद गरेका ग्राहकरुले आफैंले 'पे-जी' सुविधा सक्रिय वा निष्क्रिय गर्नसक्ने व्यवस्था गरेको छ ।

प्याकेजमा आधारित विभिन्न सुविधा लिएका ग्राहकले प्याकेज समाप्ति पछि पनि सेवा निरन्तरता हुने वा सेवा बन्द हुने भन्नेसम्बन्धी छनोट गर्ने अवस्थालाई 'पे-जी' सुविधा भनिन्छ । अबदेखि ग्राहकले आफ्नो चाहनाअनुसार सो सुविधा सक्रिय वा निष्क्रिय पार्न सक्ने टेलिकमले जनाएको छ । यसका लागि ग्राहकले आफ्नो मोबाइलबाट ८४४३ डायल गर्नुपर्नेछ । त्यसपछि ४ अङ्क छनोट गरे पछि यो सुविधा सक्रिय, निष्क्रिय गर्न र यसको अवस्था थाहा पाउन क्रमशः १, २ र ३ डायल गर्नुपर्नेछ ।

प्याकेज खरिद गरेका ग्राहकले 'पे-जी' सुविधा निष्क्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि मुख्य ब्यालेन्सबाट डेटा चल्ने छैन । पे-जी सुविधा सक्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि पनि डेटा सेवा निरन्तर चल्नेछ । प्याकेज नलिई डेटा चलाउन आवश्यक भएका ग्राहकहरुले भने यो सुविधा सधैं सक्रिय राख्नुपर्नेछ ।सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुधारात्मक कार्ययोजनाको बुँदा नम्बर ४ मा समेत सो सुविधा 'निष्क्रिय गर्ने विकल्प दिइने' भन्ने उल्लेख छ । मन्त्रालयको निर्देशनअनुसार पनि कम्पनीले उक्त सुविधा निष्क्रिय गर्ने विकल्प उपलब्ध गराइएको टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरले जानकारी दिनुभयो ।

आगामी दिनमा नेपाल टेलिकम 'एप'बाट यो सेवा सक्रिया वा निष्क्रिय गर्न सकिने विकल्प क्रमशः उपलब्ध हुने कम्पनीले जनाएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# धर्मको रक्षा गर

विश्वमै हिन्दू धर्मको पवित्र स्थलको रुपमा रहेको नेपालस्थित महोत्तरीको मटिहानीमा रहेको लक्ष्मीनारायण मठका मान महन्त जगन्नाथ दास वैष्णव पटकपटक कीर्ते हस्ताक्षरदेखि विभिन्न जालसाजीलगायतका आरोपमा जेल सजायसम्म भोगिसकेका छन् । यसपटक पनि मानमहन्त वैष्णवमाथि बैंकिंग कसुर मुद्दामा पक्राउ परेका छन् । उनी पटकपटक विवादमा मुछिँदै गए पनि हिन्दू धर्मका मठाधिशहरु यसप्रति गम्भीर ध्यानाकर्षण हुन अति नै अपरिहार्य छ । मानमहन्त वैष्णवमाथि महोत्तरी प्रहरीमा प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुरले दिएको जाहेरीका आधारमा पक्राउ गरियो । मानमहन्त वैष्णवमाथि करिब १ करोड ३० लाख रुपैयाँ बराबरको बैंकिंग कसुर गरेको आरोप छ । मानमहन्त वैष्णवविरुद्ध वित्तीय कारोबारमा अनियमितता, विश्वासघात तथा बैंकिङ प्रणालीको दुरुपयोगसम्बन्धी विषयमा धनुषामा अनुसन्धान हुने छ । मानमहन्त वैष्णवमाथि लगाइएको मुद्दा प्रकृति गम्भीर रहेकाले आवश्यक प्रमाण संकलन, बयान तथा वित्तीय अभिलेख परीक्षणको काम अघि बढाएको छ । यस अघि रुपन्देहीस्थित मेगा बैंक शाखाबाट ७० लाख रुपैयाँ कीर्ते गरी झिकेको र रामजानकी कुट्टीको जग्गा बिक्री गरेको भन्दै उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहितका विभिन्न निकायमा उजुरी परिसकेको छ । जनकपुरधाम क्षेत्रमा रहेको रामजानकी मन्दिरको करिब पाँच बिघा जग्गा बिक्री गरेको विषय पनि अनुसन्धानको दायरामा आएको छ । यसअघि पर्साको वीरगञ्ज क्षेत्रमा रहेको करिब सात बिघा जग्गा बिक्री गर्ने प्रयास गुठी संस्थानले रोकेको थियो । तर पनि धार्मिक संघसंस्थादेखि मठमन्दिरका महन्त, पुजारी, साधुसन्तले यस्ता आरोपहरु लागिरहँदा वास्ता नगर्दा धार्मिक आस्थामाथि खेलवाडको रुपमा टिकाटिप्पणी भइरहेको छ । विगतमा मठमन्दिरकै जग्गाहरु धार्मिक कार्यप्रयोजनमा उपयोग नगरी मोटो रकम कमाउनतर्फ ध्यान दिदाँ त्यसको असर जनकपुरधामसहित देशभरि नै परेको छ । जनकपुरधाममै रहेको जग्गाहरु मध्येका जानकी हेल्थकेयर एण्ड टिचिंग होस्पिटल प्रालिलाई अवैधानिक ढंगले जग्गा उपलब्ध गराउनु भनेको ऐतिहासिक तथा धार्मिक जग्गा अतिक्रमण हुँदा धार्मिक महत्व नै विलुप्त अवस्थामा पुगेको छ । मान महन्त वैष्णवको यस खाले घटनाले धार्मिक अगुवाहरुमाथि पनि आर्थिक पारदर्शीता र जवाफदेहिताबारे प्रश्न उठेको छ । धार्मिक महत्वका धन तथा जिन्सी सम्पत्तिहरु अतिक्रमणको चपेट पर्न थालेपछि आफ्नो धर्ममाथि प्रत्यक्ष रुपमै प्रहार हुनु हो । यसले व्यक्ति, समुदायको धर्ममाथि प्रहार हुनाले भेषभुषा, भाषा, पहिचान, संस्कृतिलगायत हराउनु हो । तर यसका लागि धर्म सभ्यता र संस्कृतिसंग जोडिएको हुनाले यसको रक्षाका लागि राजनीतिबाट जोगाउनु पर्छ भने अर्कोतर्फ धर्मलाई आफ्नो समुदाय, पहिचान, संस्कृतिलाई केन्द्रविन्दुमा राखेर अघि बढेपछि मात्रै वास्तविक रक्षा हुनु हो । यसका लागि धार्मिक महत्व बोकेका ऐतिहासिक जग्गा, मठमन्दिरलगायतका सरसम्पत्तिको संरक्षण तथा संवर्द्धन अपरिहार्य रहेको छ ।

# पूर्ण विजय न पूर्ण पराजय छ, केवल निरन्तर संघर्ष छ : अमेरिका –ईरान युद्ध विराम



प्रेमचन्द्र झा

मरुभूमिको तातो हावामा इतिहास कहिल्यै पूर्ण रूपमा सुक्दैन; त्यहाँ सधैं केही न केही चिसोपन बाँकी रहन्छ–यादहरूको, पीडाको, प्रतिरोधको। ईरान त्यही चिसोपन बोकेको एउटा भूगोल मात्र होइन, बरु एउटा जीवित अनुभव हो, जहाँ समयले बारम्बार परीक्षा लिएको छ र मानिसहरूले बारम्बार आफूलाई पुनःपरिभाषित गरेका छन्। संसारका शक्तिशाली राष्ट्रहरूको गर्जनबीच, धम्की र दबाबहरूको छायामा पनि, त्यहाँको माटोले एउटा अनौठो प्रतिज्ञा बोकेको देखिन्छ–झुक्नुभन्दा टुक्रिनु ठीक।

तर यथार्थ सधैं कविताजस्तो सरल हुँदैन। इतिहासका पानाहरू पल्टाउँदा स्पष्ट हुन्छ कि इरान र संयुक्त राष्ट्र संघ बीचको सम्बन्ध कुनै एक क्षणको टकराव होइन; यो त दशकौंदेखि बुनिँदै आएको अविश्वासको जाल हो। सन् १९५३ को राजनीतिक उथलपुथलदेखि सुरु भएको कथा, जसले एउटा निर्वाचित नेतृत्वलाई हटाएर बाह्य प्रभावलाई गहिरो बनायो, आज पनि इरानी सामूहिक चेतनामा जिउँदो छ। त्यसपछि आएको ईरानी क्रान्तिले केवल शासन परिवर्तन मात्र गरेन, उसले एउटा नयाँ पहिचानको घोषणा गर्‍यो–आत्मनिर्णयको, बाह्य हस्तक्षेपविरुद्धको, र आफ्नै मार्ग रोज्ने साहसको।

त्यस क्रान्तिपछि संसारले ईरान होस्टेज विद्रोह जस्तो घटना देख्यो, जसले दुई देशबीचको दूरीलाई केवल कूटनीतिक होइन, भावनात्मक रूपमा पनि गहिरो बनायो। त्यहाँबाट सुरु भएको टकरावले कहिल्यै पूर्ण विश्राम पाएन; बरु विभिन्न रूपहरूमा, कहिले आर्थिक प्रतिबन्ध, कहिले वैचारिक संघर्ष, कहिले परोक्ष युद्धका रूपमा निरन्तर बहिरह्यो।

समय फेरियो, पात्र फेरिए, तर कथाको मूल द्वन्द्व उस्तै रह्यो। जब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विश्व राजनीतिक मञ्चमा उभिए, उनले आफ्नो भाषाशैलीसँगै एउटा कठोर नीति पनि अघि सारे–दबाबको चरम प्रयोग। उनको शब्दहरूमा आक्रामकता थियो, उनका निर्णयहरूमा कठोरता। इरानसँग भएको आणविक सम्झौता तोड्ने निर्णय केवल एउटा कूटनीतिक कदम मात्र थिएन; त्यो एउटा संकेत थियो–विश्व व्यवस्थामा पुनः शक्ति प्रदर्शनको।

त्यसपछि सुरु भयो आर्थिक नाकाबन्दीको कठोर अध्याय। प्रतिबन्धहरू केवल सरकारी संरचनामाथि मात्र सीमित रहेनन्; तिनीहरूले सामान्य नागरिकको दैनिक जीवनमा पनि गहिरो प्रभाव पारे। मुद्रास्फीति बढ्यो, रोजगारीका अवसरहरू घटे, र जीवनको सहजता क्रमशः कठिन बन्दै गयो। यस्तो अवस्थामा प्रश्न उठ्छ–राष्ट्रभक्ति के हो? के त्यो केवल बाह्य शत्रुविरुद्ध उभिनु हो, वा आफ्नै भित्री संघर्षसँग जुध्नु पनि हो?

यही प्रश्नको उत्तर खोज्दै इरानका सडकहरू कहिलेकाहीँ भरिन्छन्–मानिसहरूले, नाराहरूले, आशा र आक्रोशले। ती भीडहरूलाई बाहिरबाट हेर्दा एउटा विशाल एकताको चित्र देखिन्छ, तर नजिकबाट नियाल्दा त्यहाँ अनेक भावनाहरू मिसिएका हुन्छन्। कोही बाह्य हस्तक्षेपविरुद्ध उभिएका हुन्छन्, कोही आफ्नै शासनप्रति असन्तुष्टि बोकेका हुन्छन्, र धेरैजसो दुवैको बीचमा अल्झिएका हुन्छन्। यही द्वन्द्वले इरानलाई केवल एउटा राष्ट्र होइन, एउटा जटिल अनुभव बनाउँछ।

जब अमेरिकी प्रशासनले कठोर शब्दहरू प्रयोग गर्‍यो, धम्कीहरू दियो, तब त्यसको प्रतिक्रिया केवल सरकारी तहमा सीमित रहेन। जनस्तरमा पनि एउटा भावनात्मक तरंग उठ्यो–आत्मसम्मानको, पहिचानको, अस्तित्वको। मानिसहरू सडकमा उत्रिए, केवल विरोध गर्न होइन, आफ्नो उपस्थिति दर्ज गर्न। उनीहरूको हात खाली हुन सक्छ, तर उनीहरूको आवाज भरिएको थियो–इतिहासले सिकाएको जिद्दले।

तर यहाँ एउटा महत्वपूर्ण प्रश्न उठ्छ–के यो सबैले वास्तवमै शक्ति सन्तुलन परिवर्तन गर्‍यो? के एउटा महाशक्ति वास्तवमै झुक्यो? वा यो केवल एउटा क्षणिक रोकावट थियो, जहाँ दुवै पक्षले आफ्ना कदमहरू मापन गरे?

यथार्थको धरातलमा उभिएर हेर्दा देखिन्छ कि दुवै पक्षले एउटा साझा निर्णय गरे–प्रत्यक्ष युद्धबाट टाढा रहने। यो निर्णय कमजोरीको परिणाम होइन; बरु लागत र परिणामको गहिरो विश्लेषणको नतिजा हो। युद्ध केवल सीमामा लडिँदैन; त्यसले अर्थतन्त्र, समाज, र भविष्य सबैलाई प्रभावित गर्छ। अमेरिकाका लागि इरानसँगको युद्ध मध्यपूर्वमा अझ ठूलो अस्थिरता निम्त्याउन सक्थ्यो, र इरानका लागि त्यो अस्तित्वको संकट बन्न सक्थ्यो।

त्यसैले दुवै पक्षले एउटा अदृश्य रेखा कोरे–जहाँसम्म जान सकिन्छ, तर पार गर्न हुँदैन। कहिलेकाहीँ त्यो रेखा नजिक पुगिन्छ, कहिलेकाहीँ त्यसबाट टाढा हटिन्छ, तर त्यो रेखा अस्तित्वमा रहिरहन्छ। यही रेखाले आजको विश्व राजनीतिमा "न त पूर्ण युद्ध, न त पूर्ण शान्ति" को अवस्था सिर्जना गरेको छ।

यस सन्दर्भमा "अमेरिका घुँडा टेक्यो" भन्ने अभिव्यक्ति भावनात्मक रूपमा आकर्षक लाग्न सक्छ, तर विश्लेषणात्मक रूपमा अधुरो छ। अमेरिका अझै विश्वको प्रमुख शक्ति हो–आर्थिक, सैनिक र कूटनीतिक रूपमा। तर त्यही समयमा इरानले पनि देखाएको छ कि सबै दबाबहरू प्रभावकारी हुँदैनन्। प्रतिबन्धहरूले चोट पुर्‍याउँछन्, तर तिनीहरूले सधैं नियन्त्रण सुनिश्चित गर्दैनन्। धम्कीहरूले डर पैदा गर्न सक्छन्, तर तिनीहरूले सधैं आत्मसमर्पण गराउँदैनन्।

यसैले यो कथा विजय र पराजयको होइन, सन्तुलनको हो। एउटा यस्तो सन्तुलन, जहाँ दुवै पक्षले आफूलाई बलियो देखाउन खोज्छन्, तर पूर्ण टकरावबाट जोगिन पनि उत्तिकै सचेत छन्। यो सन्तुलन कहिलेकाहीँ अस्थिर देखिन्छ, तर यही अस्थिरताले नै ठूलो युद्धलाई रोकिरहेको हुन्छ।

अन्तर्राष्ट्रिय समुदायको भूमिका पनि यहाँ महत्त्वपूर्ण छ। केही राष्ट्रहरू कूटनीतिक समाधानको पक्षमा उभिन्छन्, केही रणनीतिक स्वार्थका आधारमा पक्ष लिन्छन्, र केही तटस्थ रहन खोज्छन्। यसले स्पष्ट पार्छ कि विश्व कुनै एकल धारमा बग्दैन; यहाँ अनेक धाराहरू छन्, जो कहिलेकाहीँ आपसमा ठोक्किन्छन्, कहिलेकाहीँ समानान्तर बग्छन्।

इरानको सन्दर्भमा राष्ट्रभक्ति एउटा जटिल अवधारणा हो। त्यो केवल झण्डा र नारामा सीमित छैन; त्यो इतिहासको अनुभव, बाह्य दबाब, आन्तरिक चुनौती, र भविष्यप्रतिको आशाको मिश्रण हो। मानिसहरूले आफ्नो देशलाई माया गर्छन्, तर त्यसको अर्थ सधैं सरकारसँग सहमत हुनु होइन। कहिलेकाहीँ प्रेम नै आलोचनाको रूपमा प्रकट हुन्छ।

यसैले, जब हामी इरानको कथा लेख्छौं, हामीले केवल एउटा कोणबाट हेर्नु हुँदैन। त्यहाँ प्रतिरोध छ, तर त्यहाँ थकान पनि छ। त्यहाँ साहस छ, तर त्यहाँ डर पनि छ। त्यहाँ एकता छ, तर त्यहाँ विभाजन पनि छ। यही बहुआयामिकता नै यथार्थ हो।

अन्ततः, यो कथा एउटा ठूलो प्रश्नमा आएर टुंगिन्छ–राष्ट्रिय स्वाधीनता वास्तवमा के हो? के त्यो बाह्य शक्तिलाई चुनौती दिन सक्ने क्षमता मात्र हो? वा त्यो आफ्नै समाजलाई सन्तुलित, न्यायपूर्ण र स्थिर बनाउन सक्ने क्षमता पनि हो? सायद उत्तर यी दुवैको बीचमा कतै छ।



इरानले संसारलाई एउटा कुरा अवश्य देखाएको छ–दबाबका बीच पनि एउटा राष्ट्र आफ्नो अस्तित्व जोगाउन सक्छ। तर त्यही समयमा यसले अर्को कुरा पनि सम्झाएको छ–अस्तित्व जोगाउनु मात्र पर्याप्त हुँदैन; त्यसलाई अर्थपूर्ण बनाउनु पनि आवश्यक हुन्छ।

यसैले, "साम्राज्यवादी अहंकार झुक्यो" भन्ने वाक्य एउटा शक्तिशाली प्रतीक हुन सक्छ, तर यथार्थ त्यसभन्दा धेरै जटिल छ। यहाँ न त पूर्ण विजय छ, न त पूर्ण पराजय। यहाँ केवल निरन्तर संघर्ष छ–शक्ति र प्रतिरोधबीच, दबाब र आत्मसम्मानबीच, यथार्थ र भावनाबीच।

र सायद यही संघर्ष नै इतिहासलाई अघि बढाउने वास्तविक शक्ति हो।

# थातथलो सजाउँदै, पर्यटक लोभ्याउँदै

वासुदेव पौडेल

बाबुबाजेकै पालाका घर तथा वस्तीहरू चिटिक्क सजाएझैँ देखिन्छन् । तनहुँको भानु नगरपालिका-९ चितीखोलामा पुराना शैलीका घरहरूसँगै चोक तथा बाटाहरू सफासुग्घर छन् । घर वरपर करेसाबारीमा लगाइएको तरकारीसँगै त्यहाँको हरियाली तथा फलफूलहरूका कारण सौन्दर्यता अझै थपिएको छ । प्राचीनकालमा बौद्धिक चेतना भएका व्यक्तिहरूको बसोबास भएकै कारण गाउँको नाम नै चिती खोला भएको बुढापाकाको तर्क छ ।

प्राकृतिक रुपमा सुन्दर यस गाउँमा पर्यटकलाई लक्षित गरी घरवास सञ्चालनमा ल्याइएको छ । ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका रुपमा यहाँका २१ वटा घर समेटिएका छन् । स्थानीय संस्कार संस्कृतिको जगेर्नासँगै आफ्नो थातथलोको संरक्षणको उद्देश्यका साथ यहाँका स्थानीयले २०७६ सालदेखि घरवास सञ्चालनमा ल्याएको ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका पूर्व अध्यक्ष कल्पना सारु मगरले जानकारी दिनुभयो ।

यहाँको घरवासका लागि स्थानीयको जागरुकता त छँदैछ राज्यको पनि लगानी परेको छ । सुरुमा घरवासका लागि गण्डकी प्रदेश सरकारबाट रु १० लाख बजेट विनियोजन भएकामा त्यसपछि विभिन्न चरणमा गरी थप सहयोग पनि प्राप्त भएको उहाँले जानकारी दिनुभयो । मगर जातिको बाहुल्यता रहेको यस ठाउँमा मगर, दूरा, तामाङ, बाहुनहरूको बाहुल्यता रहेको छ । यहाँका घरवासमा घरहरू अनुसार शुद्ध शाकाहारीदेखि मांसाहारी सबैका लागि बस्न पाउने व्यवस्था समेत रहेको छ ।

घरवासमा आउने पर्यटकका लागि एक हजार २५० रुपैयाँको प्याकेज निर्धारण गरिएको छ । उक्त प्याकेजमा बेलुका लोकल कुखुराको मासुसहितको खाना, बिहान कोदोको सेल, तरकारीसहितको खाजा रहेको उहाँले जानकारी दिनुभयो । चिती खोलामा ठूलै लगानी खर्चिएर ग्रीन हिमालय फार्म स्टे पनि सञ्चालन गरिएको छ । आफ्नो थातथलोमा नै केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ यहाँको पाण्डे परिवारले विगत चार वर्षयता फार्म स्टे सञ्चालनमा ल्याएको हो । उहाँहरूले कुल ७० रोपनी क्षेत्रफल मध्ये १० रोपनी क्षेत्रमा फार्म स्टे तथा ६० रोपनी क्षेत्रमा फार्म क्षेत्र सञ्चालन गरिहनुभएको छ ।



यहाँ आउने पर्यटकलाई फार्ममा नै उत्पादन भएको तरकारी तथा यामअनुसारका फलफूल खुवाउने गरिएको फार्म स्टेका सञ्चालक गीता अधिकारी पाण्डेले जानकारी दिनुभयो । "हामी सुरुमा बजारबाट गाउँमा फर्कदा भने व्यावसायिक सोचका साथ आएका थिएनौं", उहाँले भन्नुभयो, "उत्पादनको बजारीकरण र उपयोग पनि यहीँ नै होस् भन्ने उद्देश्यसँगै यो फार्म स्टे सञ्चालनमा ल्याएका हौं ।"

फार्म स्टेमा हाल छ जनाले नियमित रोजगारी पाएका छन् भने आवश्यकता अनुसार अन्य सात आठ जनासम्मले थप रोजगारी पाएको उहाँले जानकारी दिनुभयो । फार्म स्टेमा पुरानो कलात्मक घरलाई साजसज्जा गरेर चिटिक्क सजाइएको छ । परम्परागत ग्रामीण परिवेशको झल्को दिने किसिमका संरचनाहरू निर्माण गरिएका छन् ।

लिचीको बोटले ढकमक्क ढाकिएको ट्रि हाउस, परम्परागत घुमाउने घर (ढिकी जाँतो, हलो जुवा जस्ता परम्परागत सामग्री राखिएको) आदिका कारण यहाँ आउने पर्यटकहरू रमाउने गरेका छन् । माटाको गारो, माटाले नै पोतेर सजाइएका घरका कारण पर्यटकले ग्रामीण संस्कृति तथा परिवेशको छुट्टै अनुभूति गर्ने गरेका छन् ।

लगानी, पूर्वाधार, सेवा सुविधा समेतका कारण फार्म स्टेको बसाई होमस्टे भन्दा अलि खर्चिलो छ । फर्म स्टेमा आएका पर्यटकलाई त्यहाँ पुग्नासाथ मोही, मकै, चिया सहितको खाजा खुवाउने गरिएको छ भने बेलुका लोकल कुखुराको मासुसहित खाना खुवाइन्छ । भोलिपल्ट बिहान अण्डा, तरकारी, कोदो फापरको रोटी आदिको नास्ता खाने व्यवस्था मिलाइएको छ । फार्म स्टेमा बस्नका लागि प्रतिव्यक्ति दुई हजार पाँच सय रुपैयाँ र दुई जना संयुक्त रुपमा आएमा चार हजार पाँच सय रुपैयाँ निर्धारण गरिएको छ । ठूलै समूहमा आएका अवस्थामा उक्त दररेटमा केही सहुलियतको व्यवस्था छ ।

फार्म स्टेमा दैनिक ३० जनालाई सहजै रुपमा बस्न सकिने व्यवस्था मिलाइएको पाण्डेले जानकारी दिनुभयो । थातथलोको संरक्षणसँगै यसको पर्यटकीय उपयोगका साथै कृषि पर्यटनका कारण पनि यो ठाउँ राम्रै गन्तव्य बन्न सक्ने देखिएको छ । कृषिप्रतिको बढ्दो अनिच्छासँगै जग्गाहरू बाँझिदै गएका अवस्थामा यहाँका अगुवा कृषक वासुराज कडरियाले गर्नुभएको एकिकृत कृषि फार्मबाट पनि यहाँ आउने पर्यटकले धेरै जान्न, बुझ्न र अनुभव गर्न पाउँछन् । कडरिया एकिकृत कृषि फार्मका रुपमा कुल २७ रोपनी क्षेत्रफलमा फैलिएको उहाँको फार्ममा एकै स्थानमा कृषिका विविधतासँगै सम्भावनालाई प्रत्यक्ष अवलोकन गर्न पाइन्छ ।

शिक्षण पेशामा लामो समय बिताउनुभएका कडरियाले आफू पेशामा रहँदैदेखि सुरु गरेको कृषिकर्मलाई सेवानिवृत्त जीवनमा अझै सक्रियताका साथ व्यवस्थित गराउँदै लैजानुभएको हो । उहाँको फार्ममा पशुपालन, कुखुरापालन, तरकारी तथा फलफूल खेतीहरू एकै साथ गरिदै आइएको छ । सुरुमा चार सय बोट सुन्तला र एक हजार छ सय बोट कफीबाट सुरु गरिएको व्यावसायिक कृषिले उहाँलाई अन्ततः सफल कृषि व्यवसायी बनाएको हो ।

सुरुका वर्षहरुमा सुन्तला राम्रै उत्पादन भए पनि २०५२/५३ सालदेखि सुन्तलामा रोग लाग्न थालेपछि त्यसको विकल्पमा केरा, अदुवा खेती आदि गर्न थाल्नुभएको छ । उहाँको फार्ममा २५० बोट मेवा रहेका छन् भने ताइबान अम्बा एक सय बोट लगाइएको छ । फार्ममा परीक्षणका लागि ९० बोट बोधिचित्त पनि लगाइएको छ । फार्ममा नासपति, आरु, लिची, कटहर, भूईँकटहर, आरु, कागती, किबीलगायत विभिन्न ५० प्रजातिका फलफूल लगाइएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै मौरीपालनदेखि पशुपालनसम्मका विविध कृषिका प्रयोग जान्न बुझ्न चाहनेका लागि यो राम्रै पाठशाला बनिरहेको छ । पछिल्लो समयमा एकिकृत कृषिका विविधताको अवलोकनका लागि ठाउँठाउँबाट हेर्न र बुझ्न आउने क्रम पनि बढिरहेको छ । चिती खोला आउने पर्यटकले उक्त फार्ममा उत्पादित ताजा फलफूल तथा तरकारी किनेर लैजान समेत सक्छन् ।

बाँझो जग्गाको उपयोगका साथै त्यसलाई पर्यटकीय रुपमा उपयोग गर्न यहाँका स्थानीयले गाउँमा नक्षत्र बाटिकाका नाममा रमणीय पार्क पनि बनाएका छन् । यहाँको करिब पाँच रोपनी क्षेत्रफलमा चियाका बोटसँगै २७ वटै नक्षत्रका बोटहरू लगाइएको छ । प्रत्येक नक्षत्र बृक्षको फेदमा नक्षत्रमा पर्ने नामहरू समेत उल्लेख गरेर सानो परिचयात्मक बोर्ड राखिएको छ । आफ्नो नक्षत्र पर्नेहरू उक्त बोर्ड देखिने गरी तस्वीर खिच्ने गरेका छन् ।

बागेश्वरी सामुदायिक बन उपभोक्ता समिति अन्तर्गत रहेको बाटिकामा रहेको चिया बगानले इलामकै झल्को दिने गरेको छ । यहाँ लगाइका चियाका बोटले यस क्षेत्रमा चिया खेतीको समेत सम्भावना छ भन्ने कुरालाई उजागर गरेको स्थानीयवासी एवम् पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले बताउनुभयो ।

बाटिका परिसरमा पाचीन शिव मन्दिर, पुराना बन काफलका बोटलाई पनि संरक्षण गरेर राखिएको छ । पर्यटकलाई लक्षित गरी स्थानीयले गाउँ माथिको जङ्गलमा पदमार्ग पनि बनाएका छन् । जङ्गलमा पदयात्रा गर्दा सफारीकै झल्को आउने स्थानीयले बताए । करिब डेढ घण्टा जङ्गल सफारी हुँदै चन्दनी डाँडासम्म पुग्न सकिन्छ । त्यहाँस्थित चन्दनी डाँडा हुँदै कोट पुगिन्छ । नेपालका बाइसे चौबिसे राजाको पालाको कोटका रुपमा रहेको यो स्थानसँगै यसैको तल रहेको ठूलो पहरोलाई 'रक क्लाइम्बिङ'को गन्तव्यका रुपमा विकास गर्न सक्ने देखिएको छ ।

गाउँको सिरानमा रहेको कोटका साथै धार्मिक रुपले प्रसिद्ध थानीमाई मन्दिर पनि यही बाटो भएर जाने भएकोले यस ठाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्न सकिने देखिएको छ । यहाँबाट सवारी साधन हुँदै एक घण्टामा थानी माई मन्दिर पुग्न सकिन्छ । गाउँ नजिकै रहेको चन्द्रेखोला झरनालाई पनि स्थानीयले पर्यटकीय रुपमा उपयोग गर्ने योजना बनाएका छन् । पृथ्वी राजमार्गको डुम्रेबाट अर्चलधारा हुँदै कुल २१ किलोमिटर दूरीमा रहेको यो ठाउँ मध्यपहाडी लोकमार्गअन्तर्गत पाउँदीबाट तीन किलोमिटर दूरीमा रहेको छ ।

पछिल्ला समयमा विभिन्न स्थानबाट समूहगत रुपमा पर्यटकहरू यहाँ पुग्ने गरेका छन् । हालै इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन (एगा) पोखरामा आवद्ध पर्यटन व्यवसायीहरूले उक्त क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरेका छन् । भ्रमणका क्रममा पर्यटकीय रुपमा चितीखोला धेरै सम्भावनायुक्त स्थल भएको आफूहरूले पाएको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले बताउनुभयो । "परम्परागत थातथलोलाई संरक्षण गर्दै त्यसको पर्यटकीय उपयोग गर्ने विषय धेरै राम्रो लाग्यो", उहाँले भन्नुभयो, "हामीले हाम्रा प्रकृति र संस्कृतिसँगै त्यहाँका हरेक सम्भावनालाई पर्यटकीय रुपमा उपयोग गर्न सकिन्छ ।"

कृषिजन्य उत्पादनलाई पनि पर्यटनसँग जोड्न सकिने विषय यहाँस्थित फार्म स्टे, एकिकृत कृषिफर्म, नक्षत्रबाटिका आदिबाट पनि सिक्न सकिने बताउँदै उहाँले यो सिकाई अन्य स्थानका लागि पनि प्रेरणाको स्रोत बन्ने बताउनुभयो । प्रकृति र संस्कृतिको अधिकतम् उपयोग गर्दै गाउँ पर्यटनलाई अघि बढाउन सकिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ । गाउँ पर्यटनको विकाससँगै त्यहाँका कृषिजन्य उत्पादन पनि प्रत्यक्ष रुपमा पर्यटनसँग जोडिने उहाँको भनाइ छ ।

## सुदूरपश्चिम प्रदेशसभा : संशोधन विधेयकको प्रतिवेदन पेस



सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशसभामा 'सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन पहिलो संशोधन विधेयक २०८२' उपर सम्बन्धित समितिमा छलफल भई तयार परिएको प्रतिवेदन पेस गरिएको छ ।

प्रदेशसभाको विहीबार बसेको बैठकमा विधायन तथा प्रदेश मामिला समितिका सभापति दिवानसिंह विष्टले समितिमा दफावार छलफल भई तयार पारिएको उक्त संशोधन विधेयकको प्रतिवेदन प्रस्तुत गर्नुभएको हो । सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐनको कार्यान्वयनसँगै कर्मचारी क्षेत्रबाट असन्तुष्टि बढेपछि सरकारले संशोधन विधेयक ल्याएको हो । ऐन कार्यान्वयनबाट सीमित कर्मचारीलाई मात्र फाइदा पुगेको बताउँदै असन्तुष्ट कर्मचारीहरुले अदालतमा मुद्दा दर्तासमेत गरेका थिए ।

विहीबारको बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री शिवराज भट्टले 'सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य ऐन २०७६' लाई संशोधन गर्न बनेको विधेयक टेबुल गर्नुभयो । मन्त्री भट्टले दलित सशक्तिकरण ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयकमाथि परेका संशोधनसहित दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइयोस् भनी पेस गर्नुभएको प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ ।

**संशोधन विधेयकको प्रतिवेदन पेश**

सुदूरपश्चिम प्रदेशसभामा 'सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन पहिलो संशोधन विधेयक २०८२' उपर सम्बन्धित समितिमा छलफल भई तयार पारिएको प्रतिवेदन पेश गरिएको छ ।

प्रदेशसभाको विहीबार बसेको बैठकमा विधायन तथा प्रदेश मामिला समितिका सभापति दिवानसिंह बिष्टले समितिमा दफावार छलफल भई तयार पारिएको उक्त संशोधन विधेयकको प्रतिवेदन प्रस्तुत गर्नुभएको हो । सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐनको कार्यान्वयनसँगै कर्मचारी क्षेत्रबाट असन्तुष्टि बढेपछि सरकारले संशोधन विधेयक ल्याएको हो ।

ऐन कार्यान्वयनबाट सीमित कर्मचारीलाई मात्र फाइदा पुगेको भन्दै असन्तुष्ट कर्मचारीहरुले विगतमा अदालतमा मुद्दा दर्ता समेत गरेका थिए । विहीबारको बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री शिवराज भट्टले 'सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य ऐन २०७६'लाई संशोधन गर्न बनेको विधेयक टेबुल गर्नुभयो ।

मन्त्री भट्टले दलित सशक्तिकरण ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयकमाथि परेका संशोधनसहित दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइयोस् भनी पेश गर्नुभएको प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ ।रासस

# सभामुखद्वारा बुढीगण्डकी आयोजनाबारे चासो



काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका विषयमा चासो देखाउनुभएको छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र सो आयोजनाका प्रमुख कार्यकारी अधिकृत अरुण रजौरियासँग आज आफ्नै कार्यकक्षमा छलफल गर्दै उहाँले आयोजनाको निर्माणकार्य निश्चित समयसीमा तोकेर अगाडि बढाउनुपर्ने बताउनुभयो । सभामुख अर्यालले भन्नुभयो, "यो राष्ट्रिय गौरवको परियोजना हो । यो केवल विद्युत् उत्पादनसँग मात्र सम्बन्धित छैन, पर्यटन, कृषि उत्पादनको बजारीकरण र रोजगारी प्रवर्द्धनसँग पनि प्रत्यक्ष जोडिएको समग्र राष्ट्रिय महत्वको विषय हो । त्यसैले जति ढिलाइ हुनु थियो, भयो, अब यसको निर्माण कार्यलाई गति दिन थप ढिलाइ गर्नु हुँदैन ।"

सभामुख अर्यालले आयोजनालाई पहिलो प्राथमिकतामा राखेर काम गर्न आयोजना प्रमुखको ध्यानाकर्षण गराउनुभयो । "स्पष्ट कार्यतालिका बनाउने, कुन मितिमा काम सुरु गर्ने र कहिले सम्पन्न गर्ने भन्ने निर्धारण गरेर अघि बढ्नुस्,"उहाँले भन्नुभयो ।छलफलमा ऊर्जामन्त्री श्रेष्ठले आयोजना निर्माणलाई तीव्रता दिन सरकारका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । "सरकारी समस्या कहाँ छ भन्ने स्पष्ट पार्नुहोस्, हामी आवश्यक समन्वय गर्नेछौं," आयोजना प्रमुखसँग उहाँले भन्नुभयो ।

त्यस्तै मन्त्रालयका सहसचिव रुद्रसिङ तमाङले आयोजना अघि बढाउन मन्त्रालयबाट सहयोगका लागि कुनै कसर बाँकी नराख्ने बताउनुभयो । सांसद बोधनारायण श्रेष्ठले ठूला आयोजना निर्माणलाई विशेष प्राथमिकता दिनुले देशको समृद्धिका विषयमा सरकार कति गम्भीर छ भन्ने स्पष्ट भएको धारणा राख्नुभयो ।बुढीगण्डकी जलविद्युत् आयोजना एक हजार २०० मेगावाट क्षमताको जलायशयुक्त आयोजना हो। राष्ट्रिय गौरवको यो आयोजना गोरखा र धादिङको सिमानामा पर्छ।

> "यो राष्ट्रिय गौरवको परियोजना हो । यो केवल विद्युत् उत्पादनसँग मात्र सम्बन्धित छैन, पर्यटन, कृषि उत्पादनको बजारीकरण र रोजगारी प्रवर्द्धनसँग पनि प्रत्यक्ष जोडिएको समग्र राष्ट्रिय महत्वको विषय हो । त्यसैले जति ढिलाइ हुनु थियो, भयो, अब यसको निर्माण कार्यलाई गति दिन थप ढिलाइ गर्नु हुँदैन ।"

**सभामुख अर्यालसाग स्वीस राजदूतको शिष्टाचार भेट**

सभामुख डोलप्रसाद अर्यालसँग नेपालका लागि स्विट्जरल्याण्डकी राजदूत डा डानियल म्युलीले विहीबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ। भेटमा दुई देशबीचको ऐतिहासिक द्विपक्षीय सम्बन्ध, संसदीय सहकार्य, नेपालको शान्ति प्रक्रिया र आर्थिक सहयोगका विविध आयामबारे विस्तृत छलफल भएको सभामुखको सचिवालयले जनाएको छ।

सभामुख अर्यालले राजदूत म्युलीलाई स्वागत गर्दै सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै नेपाल र स्विट्जरल्याण्डबीच प्रगाढ र उत्कृष्ट सम्बन्ध कायम रहेको बताउनुभयो । उहाँले नेपालले स्विट्जरल्याण्डसँगको सम्बन्धलाई उच्च महत्व दिएको उल्लेख गर्दै यो मित्रता पारस्परिक सम्मान र सहयोगमा आधारित रहेको धारणा व्यक्त गर्नुभयो । सभामुख अर्यालले स्विट्जरल्याण्ड सहभागितामूलक लोकतन्त्रको सफल अभ्यासका लागि विश्वमै उदाहरण रहेको चर्चा गर्दै नेपालले पनि स्थानीय तहसम्म लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ बनाउन निरन्तर प्रयत्न गरिरहेको जानकारी गराउनुभयो।

सो अवसरमा सभामुखले नेपालको सामाजिक-आर्थिक विकासमा स्वीस विकास तथा सहयोग निकायमार्फत पुऱ्याइएको योगदानको उच्च प्रशंसा गर्नुभयो । "नेपाल अझै पनि स्विट्जरल्याण्डको प्राथमिकता प्राप्त देशको सूचीमा रहेकोमा हामी खुसी छौँ," सभामुख अर्यालले भन्नुभयो, "आगामी दिनमा यो विकास सहकार्यको दायरा थप विस्तार हुनेमा म विश्वस्त छु।"

संसदीय सहकार्यका सम्बन्धमा चर्चा गर्दै सभामुख अर्यालले उच्चस्तरीय भ्रमणको आदानप्रदानले दुई देशका संसद्बीचको सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सन् २०२४ मा भएका उच्चस्तरीय जेनेभा भ्रमणहरूको स्मरण गर्दै स्विट्जरल्याण्डका राष्ट्रिय परिषद्का अध्यक्षलाई उपयुक्त समयमा नेपाल भ्रमणका लागि पुनः निमन्त्रणा समेत गर्नुभयो। सभामुखले संघीय संसदमा नेपाल-स्विट्जरल्याण्ड संसदीयमैत्री समूह गठन गर्नेपरम्परालाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रतिबद्धता जनाउनुभयो।

भेटमा राजदूत म्युलीले जलवायु परिवर्तन र सामाजिक-आर्थिक विकासका साझा चुनौतीहरूमा नेपालसँग निकट रहेर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । राजदूत म्युलीले नेपालको लोकतान्त्रिक सुदृढीकरण र शान्ति प्रक्रियाका बाँकी कार्य पूरा गर्न स्विट्जरल्याण्डको सदैव सहयोग रहने आश्वासन दिनुभयो। रासस

## एमाले अध्यक्ष ओली केही दिन अस्पतालमै रहने




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली स्वास्थ्योपचारका लागि केही दिन अस्पतालमै रहनुहुने भएको छ।

जेनजी आन्दोलन घटनाको छानबिन गर्न गठित उच्चस्तरीय आयोगको प्रतिवेदनका आधारमा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहनुभएका उहाँ विहीबार रिहा हुनुभएको हो। उहाँ पक्राउ परेदेखि नै अस्पतालमा उपचाररत हुनुहुन्थ्यो। अध्यक्ष ओलीले सरकारले आफूलाई पूर्वाग्रह र प्रतिशोधपूर्णरूपमा फौजदारी अभियोग लगाई १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः आफू रिहा भएको उल्लेख गर्नुभएको छ।

सर्वोच्च अदालतको परमादेश बमोजिम रिहा भएपछि सामाजिक सञ्जालबाट प्रतिक्रिया दिँदै अध्यक्ष ओलीले आफ्नो रिहाइका लागि आवाज उठाउने सबैमा धन्यवाद दिनुभएको छ। आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयका आधारमा प्रहरीले अध्यक्ष ओलीलाई भक्तपुरको गुण्डुबाट यही चैत १४ गते नियन्त्रणमा लिएको थियो ।रासस

## लुम्बिनी प्रदेशसभाः बाघ स्थानान्तरणदेखि डिजिटल साक्षरताका मुद्दा उठान



लुम्बिनी।लुम्बिनीप्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत विहीबार बसेको नवौँ बैठकमा बोल्ने प्रदेशसभा सदस्यहरुले आआफ्ना निर्वाचन क्षेत्र केन्द्रित भएर समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्य कृष्णाकुस्मा थारुले बर्दियामा मानिस मार्ने बाघको त्रास फैलिएको भन्दै कृष्णसारको सट्टा त्यस्ता बाघलाई स्थानान्तरण गर्नुपर्ने माग राख्नुभयो। प्रदेशसभा सदस्य हेमा वेल्वासेले डिजिटल साक्षरता अभिवृद्धि, पाठ्यक्रम सुधार तथा प्रादेशिक साइबर डेस्क स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । युवालाई सृजनशील क्षेत्रमा जोड्न डिजिटल क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले प्राकृतिक स्रोतको अत्यधिक दोहन भइरहेको भन्दै नियन्त्रणका लागि स्पष्ट योजना ल्याउन सरकारसँग माग गर्नुभयो । प्रदेशसभा सदस्य तारा थापाले चालु आर्थिक वर्षमा विनियोजित बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै विशेषगरी कृषिक्षेत्रका कार्यक्रम प्रभावित भएको बताउनुभयो । बैठकमा उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेले 'लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावमाथि प्रदेशसभा सदस्य इन्द्रजीत थारु, भूवनेश्वर चौधरी, रत्नबहादुर खत्री र निमा गिरीले आ-आफ्ना धारणा राख्नुभयो ।

प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले मन्त्रालयको कार्यप्रगति प्रस्तुत गर्दै आफूले २०८१ साउन १८ गतेदेखि कार्यभार सम्हालेको र हालसम्म बिदाबाहेक ४८३ दिनमध्ये करिब ३३५ दिन मन्त्रालयमा उपस्थित भई काम गरेको जानकारी दिनुभयो । उहाँले सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्नुभयो । प्रदेशका जिल्ला अस्पतालहरुमा डायलाइसिस सेवा विस्तार गर्ने कार्य भइरहेको तथा स्वास्थ्य सेवाको गुणस्तर सुधारमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

बैठकमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले 'लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी विधेयक' र 'जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ संशोधन विधेयक' सम्बन्धी प्रतिवेदन पेश गर्नुभयो ।रासस

## श्रममन्त्रीलाई पदमुक्त गर्ने प्रधानमन्त्रीको निर्णय



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई पदमुक्त गर्नुभएको छ ।

प्रधानमन्त्रीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिफारिसअनुसार विहीबार साहलाई पदबाट हटाउने निर्णय गर्नुभएको हो । लामो समयदेखि निष्क्रिय अवस्थामा राखिएकी स्वास्थ्य बिमा बोर्डको सदस्य रहेकी मन्त्री साहकी श्रीमतिलाई साह मन्त्री भएपछि पदीय मर्यादाको दुरुपयोग गरी पुनः नियमित काममा सक्रिय गराएको भन्दै रास्वपाले बिहीबार नै कारबाहीका लागि प्रधानमन्त्री समक्ष सिफारिस गरेको थियो ।

बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने पार्टीसमक्ष पेस गरेको थियो । रास्वपाले साहको यो गतिविधिबाट पार्टीको छवि, आर्दश, सिद्धान्त र मर्यादामाथि आँच आउने देखिएको निष्कर्षसमेत निकालेको थियो । यसैका आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रेस विज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

रास्वपाले पार्टी विधानको धारा २५ (४) (क) ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन (राईट टु रिकल) सक्ने व्यवस्था भएकाले मन्त्री साहलाई जिम्मेवारीबाट अलग गर्न सिफारिस गरिएको थियो ।

साथै पार्टीले यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गम्भीरता नदेखिएकाले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहतालाई सचेत गराउन प्रधानमन्त्री शाहसमक्ष सिफारिस गरेको थियो । त्यसका आधारमा प्रधानमन्त्री शाहले मन्त्री मेहतालाई सचेत गराइ सक्नुभएको जनाइएको छ ।रासस

# कृषिमन्त्रीद्वारा कालीमाटी बजारको अनुगमन



काठमाण्डु । कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गिता चौधरीले कालीमाटीस्थित फलफूल तथा तरकारी बजारको स्थलगत निरीक्षण गर्नुभएको छ ।

बजार व्यवस्थापनमा कमजोरी भएको बारे गुनासो आएपछि मन्त्री चौधरीले आज कालीमाटी पुगेर तरकारी बजारको अनुगमन गर्नुभएको हो । बजार अनुगमनका क्रममा इजाजतपत्र लिएका व्यवसायीको नाममा अन्य व्यक्तिले भाडामा लिएर पसल सञ्चालन गरेको पाइएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ । साथै, विषादी परीक्षण नभई तरकारी उपभोक्तासम्म पुग्ने गरेको, बिलविजकमा अनियमितता, इजाजतपत्र नवीकरण नगरेका पसल सञ्चालनमा रहेको जस्ता समस्या भेटिएका छन् ।

मन्त्री चौधरीले कालीमाटी बजारअन्तर्गत थोक बजारका ६१०, ६४५, ६९३, ७०१, ७०४, ७११, ७१८ नम्बरलगायतका पसलमा निरीक्षण गर्दा इजाजत लिएका व्यवसायी स्वयं उपस्थित नभएको पाइएको छ । कतिपय स्थानमा एकै दर्तामा दुइदेखि तीन जनाले व्यवसाय सञ्चालन गरेको भेटिएको छ।

त्यस्तै, माछा पसलमा पनि उस्तै प्रवृत्ति देखिएको मन्त्री चौधरीले २४, १३ 'ख', ११ 'क', १०, ११, १० 'ख' नम्बरका माछा पसलको निरीक्षण गर्नुभयो । निरीक्षणका क्रममा चार व्यापारीले आपूर्तिकर्ताबाट ल्याइएको माछा सोही बजारमा थोक रूपमा बिक्री गर्ने क्रममा बिलविजकमा अनियमितता प्रयोग गरेको पाइएको छ।

मन्त्री चौधरीले बजार व्यवस्थापनमा देखिएका अनियमितता तुरुन्त सुधार गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । साथै, उपभोक्ताको स्वास्थ्य र अधिकारमा असर पर्ने गतिविधि कडाइका साथ नियन्त्रण गरिने मन्त्री चौधरीको सचिवालयले जनाएको छ ।रासस

# राष्ट्र सेवामा समर्पित हुनुसः प्रधानमन्त्री शाह

भक्तपुर । प्रधानमन्त्री वालेन्द्र शाहले नेपाली सेनाका नवआयुक्त अधिकृतहरूलाई कर्तव्यनिष्ठ, अनुशासित र जिम्मेवार भएर राष्ट्र सेवामा समर्पित हुन आग्रह गर्नुभएको छ ।

भक्तपुरको खरिपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा विहीबार आयोजित अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कवाज समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले करिब ३६ महिनाको कठिन प्रशिक्षण सफलतापूर्वक पूरा गरी अधिकृत पद प्राप्त गर्न सफल क्याडेटहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको हो ।

प्रधानमन्त्री शाहले मातृभूमि र जनताप्रति पूर्ण समर्पित भएर आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गर्दै सैनिक आचरण, चेन अफ कमान्ड र अनुशासनको दायराभित्र रही सदैव आफ्नो कर्तव्यप्रति सजग रहनुपर्नेमा जोड दिनुभयो । फरक सामाजिक पृष्ठभूमिका जवानहरूको नेतृत्व गर्दै एकीकृत र सक्षम टोली निर्माण गर्न नवआयुक्त अधिकृतहरू सफल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।सो समारोहमा प्रधानमन्त्री शाहले उत्कृष्ट अधिकृत क्याडेटहरूलाई श्रेष्ठताको प्रतीक खुकुरी तथा छडी प्रदान गर्नुभयो । प्रधानमन्त्री



शाहको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा १८३ अधिकृत क्याडेटहरूले आयुक्त पद प्रदान कवाज प्रदर्शन गरेका थिए ।

सोही अवसरमा प्रधान सेनापति महारथी अशोकराज सिग्देलले मित्रराष्ट्र केन्या र जाम्बियाबाट तालिममा सहभागी तीन शिक्षार्थी अधिकृत क्याडेटलाई 'नेपाली मिलिटरी एकेडेमी मेडालियन' प्रदान गर्नुभयो। नेपाली सैनिक प्रतिष्ठानबाट हालसम्म अधिकृत क्याडेट तथा पदिक र बिल्लादार अधिकृत क्याडेट गरी ६ हजार ७३४ जना तथा एक हजार ६०८ प्राविधिक अधिकृतहरूले सफलतापूर्वक तालिम पूरा गरिसकेका छन् ।

सन् २०१२ देखि विदेशी शिक्षार्थीहरूसमेत सहभागी गराइ तालिम सञ्चालन हुँदै आएकामा हालसम्म विभिन्न राष्ट्रका ३२ विदेशी शिक्षार्थीहरूले तालिम सम्पन्न गरिसकेका छन्। समारोहमा नवआयुक्त अधिकृतहरूलाई अभिभावक तथा आफन्तजनहरूले सुशोभन गरेका थिए ।रासस

## हिन्द महासागर सम्मेलनमा सहभागी हुन परराष्ट्रमन्त्री मरिसस जाँदै



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा मरिससको राजधानी लुइसमा भोलिदेखि आयोजना हुने नवौँ हिन्द महासागर सम्मेलन (आइओसी) मा सहभागी हुन विहीबार त्यसतर्फ प्रस्थान गर्नुहुने भएको छ । 'हिन्द महासागर शासनका लागि सामूहिक संरक्षकत्व' शीर्षक यही चैत २७ र २८ गते हुने उक्त सम्मेलन मरिसस सरकारसँगको सहकार्यमा इन्डिया फाउन्डेसनले आयोजना गर्न लागेको हो ।

सम्मेलनमा परराष्ट्रमन्त्री खनालले नेपालको राष्ट्रिय धारणा प्रस्तुत गर्नुहुनेछ । उहाँले हिन्द महासागर क्षेत्रको शासन, पहाड-महासागर पारिस्थितिक सम्बन्ध तथा आर्थिक विकासका लागि समुद्री सम्पर्कको महत्वका विषयमा नेपालको दृष्टिकोण प्रस्तुत गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ। सम्मेलनमा सहभागी हुने क्रममा मन्त्री खनालले विभिन्न देशका आफ्ना समकक्षीहरूसँग भेटवार्ता गर्ने कार्यक्रम पनि रहेको छ। उहाँ यही चैत ३० गते स्वदेश फर्कनुहुनेछ ।रासस

# मध्यपूर्व युद्धः तनाव, वार्ता र अनिश्चितता

**एएफपी**

पेरिस । अमेरिका-इरानबीच युद्धविराम सहमति भए पनि मध्यपूर्वमा हिंसा रोकिएको छैन । लेबनानमा तीव्र आक्रमण, इजरायल-हिजबुल्लाहबीच प्रतिकारात्मक कारबाही, तथा कूटनीतिक पहलहरू एकसाथ अघि बढिरहेका छन्, जसले क्षेत्रीय शान्ति अझै अनिश्चित रहेको स्पष्ट सङ्केत दिएको छ ।



इरान समर्थित सशस्त्र समूह हिजबुल्लाहले बिहीबार इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ । उसले यस कदमलाई अमेरिका-इरान युद्धविरामको ' उल्लङ्घन' विरुद्धको प्रतिक्रिया भनेको छ । एक दिनअघि मात्र लेबनानभरि भइरहेको इजरायली आक्रमणको घातक शृ≍लाप्रति प्रतिक्रिया दिने 'अधिकार' रहेको उसले सार्वजनिक रूपमा बताएको थियो ।

यसैबीच, इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने होरमुज जलडमरूमध्य क्षेत्रमा समुद्री जोखिम बढेको भन्दै जहाजहरूका लागि वैकल्पिक समुद्री मार्ग घोषणा गरेको छ । सो मार्गमार्फत आवतजावतका लागि नयाँ निर्देशिका समेत सार्वजनिक गरिएको छ, जसले क्षेत्रीय व्यापार र ऊर्जा आपूर्तिमा असर पार्ने सङ्केत देखाएको छ ।लेबनानमा भएको आक्रमणप्रति अन्तर्राष्ट्रिय रेड क्रस समितिले तीव्र आक्रोश व्यक्त गरेको छ । लेबनानस्थित प्रतिनिधिमण्डल प्रमुख एग्नेस धुरले नागरिकहरू युद्धविरामको प्रतीक्षामा रहेका बेला भएको 'विनाशकारी आक्रमण' ले देशलाई त्रास र अराजकतामा धकेलेको बताउनुभयो ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने अमेरिका र इरानका नेताहरूसँग संवाद गर्दै लेबनानलाई समेत युद्धविरामको दायरामा समेट्न आग्रह गर्नुभएको छ। उहाँले सबै सङ्घर्षग्रस्त क्षेत्रहरूमा युद्धविरामको पूर्ण पालना हुनुपर्नेमा जोड दिनुभयो ।लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको मृत्यु भएको छ भने ८९० जना घाइते भएका छन् । राजधानी बेरुतले हालसम्मकै सबैभन्दा भीषण बमबारी झेलेको जनाइएको छ । इजरायली रक्षामन्त्रीले भने हिजबुल्लाहका संरचनाहरू लक्षित गरी आक्रमण गरिएको र यसलाई सन् २०२४ पछि उक्त समूहविरुद्धकै ठूलो कारबाही भएको दाबी गर्नुभयो ।

उता, तेहरानमा बसोबास गर्ने सर्वसाधारणमा मिश्रित प्रतिक्रिया देखिएको छ । केहीले युद्धविराम दिगो नहुने चिन्ता व्यक्त गरेका छन् भने धेरैले हप्तौँको तनावपछि राहत महसुस गरेको बताएका छन् । ५० वर्षीया गृहिणी साकिनेह मोहम्मदीले आफूहरू अहिले 'धेरै सहज' भएको र देशप्रति गर्व लागेको बताउनुभयो ।

आर्थिक क्षेत्रमा भने युद्धविरामको प्रभाव देखिन थालेको छ । तेल तथा ग्यासको मूल्य घटेको छ भने विश्व सेयर बजारमा सुधार आएको छ । डाउ जोन्स इन्डस्ट्रियल एभरेज करिब २.९ प्रतिशतले बढेको छ भने प्रमुख तेल सम्झौता करिब १५ प्रतिशतले घटेर प्रतिब्यारेल ९५ डलरमा झरेको छ । यसले होरमुज जलडमरूमध्य पुनः खुल्न सक्ने अपेक्षा बलियो बनाएको छ ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले लेबनानमा इजरायली आक्रमण रोक्नु क्षेत्रीय युद्ध अन्त्यका लागि प्रस्तुत १० बुँदे योजनाको मुख्य शर्त भएको बताउनुभएको छ । इजरायलले हिजबुल्लाहविरुद्ध ठूलो आक्रमण सुरु गरेपछि उहाँको यस्तो धारणा सार्वजनिक भएको हो ।यसै सन्दर्भमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इस्लामाबादमा हुने वार्तामा अमेरिकी टोलीको नेतृत्व गर्ने तयारी गर्नुभएको छ । उहाँसँगै विशेष दूत स्टिभ विटकफ र जारेड कुसनर पनि सहभागी हुने बताइएको छ। भान्सले इरानलाई लेबनानमा युद्धविराम अवरुद्ध नगर्न आग्रह गर्दै त्यहाँको द्वन्द्व हालको सहमतिको हिस्सा नभएको स्पष्ट पार्नुभयो ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले लेबनानमा भइरहेको हिंसालाई 'भयावह' भन्दै कडा आलोचना गर्नुभएको छ। उहाँले युद्धविराम सहमति भएको केही घण्टामै भएको यस्तो आक्रमणले विश्वासमाथि गम्भीर चोट पुऱ्याएको बताउनुभयो । रेड क्रसले पनि यस घटनाबाट 'गहिरो आक्रोश' व्यक्त गरेको छ ।यता, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आवश्यक परे इरानविरुद्ध पुनः युद्धमा फर्कन आफूहरू तयार रहेको स्पष्ट पार्नुभएको छ । "हामीसँग अझै पूरा गर्न बाँकी लक्ष्यहरू छन् र ती हामी सम्झौता वा लडाइँमार्फत पूरा गर्नेछौँ", उहाँले टेलिभिजन सम्बोधनमा भन्नुभयो ।

# क्यानले एनपीएलबाट भएको आम्दानी कहाँ लगानी गर्छ




**बीबीसी**

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ क्यानले आर्थिक जग बलियो बनाउने उद्देश्यले सुरु गरेको नेपाल प्रिमिअर लीग (एनपीएल) ले दोस्रो सीजनमा नौ करोड रुपैयाँ २१ लाख रुपैयाँ आम्दानी भएको जनाएको छ ।

यो पहिलो सीजनको आम्दानीभन्दा झन्डै सात करोड रुपैयाँले बढी हो।आन्तरिक रूपमा आर्थिक समृद्धि नभई क्रिकेट विकास सम्भव नहुने भन्दै क्यानले विश्वभरि आम्दानीको प्रमुख स्रोत बनिरहेको फ्रेन्चाइज क्रिकेट एनपीएल तामझामको साथ सुरु गर्दा सुरुदेखि नै सफलता प्राप्त गरेको देखियो। क्यानले प्रतियोगिता सुरु गर्नुअघि घोषणा गर्दै आम्दानीको हिस्सा जिल्ला र प्रदेश क्रिकेटलाई बलियो बनाउन पहल गर्ने र क्रिकेट विकासको विभिन्न कार्यक्रममा खर्च गर्ने जनाएको थियो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले दिने सहयोग बाहेक क्यानसँग आन्तरिक आर्थिक स्रोत भनेको एनपीएल र अन्तर्राष्ट्रिय क्रिकेटको आयोजनाको बेला उठ्ने टिकट रकम र प्रायोजन मात्र देखिएको छ। यही क्रममा अगाडि बढे अर्को संस्करणहरूमा क्यानले थप आम्दानी गर्न सक्ने सम्भावना रहेको देखिन्छ।योजनानुरूप नै क्यानले पहिलो संस्करणको एनपीएलको आम्दानीबाट प्रदेश क्रिकेटलाई ७० लाख रुपैयाँ वितरण गरेको थियो।

दोस्रो संस्करणबाट क्यानले ९,२१,२१, ३५ रुपैयाँ आम्दानी गरेको सार्वजनिक गरिसकेको छ। क्यानका प्रवक्ता छुम्बी लामाले आम्दानी भनेकै क्रिकेट विकासमा खर्चिनका लागि भएको बताए। "गत वर्ष प्रदेश क्रिकेटलाई मात्र सानो रकम वितरण गरिएको थियो। यसपालि के गर्ने भन्ने निर्णय चाहिँ भइसकेको छैन। तर क्रिकेट विकासको जगमा रहने जिल्ला सङ्घहरूलाई पनि आम्दानी बाँड्ने कुरा चलेको छ," उनले भने। क्यानले जारी गरेको विज्ञप्तिअनुसार एनपीएल सीजन २ मा कुल ४७ करोड ३६ लाख ५५९ रुपैयाँ सङ्कलन भएको थियो।

पहिलो सीजनमा क्यानले कुल २७ करोड ६९ लाख रुपैयाँ आम्दानी गरेको जनाएको थियो। दोस्रो संस्करणमा २१ करोड ९६ लाख रुपैयाँ खर्च भयो। पहिलो संस्करणमा २० करोड १५ लाख रुपैयाँ खर्च भएको थियो । फ्रेन्चाइज टोलीहरूले भने यसपालि अलि राहत महसुस गर्न पाए किनभने गत वर्ष सहभागी आठ टोलीले ५४ लाख बराबरको प्रतियोगिताको नाफाको हिस्सा पाएका थिए भने यसपालि दुई करोड रुपैयाँभन्दा बढी रकम प्राप्त गर्न सके ।

बैठकको मुख्य चासोको विषय एनपीएलको आम्दानी रहेको देखिएको थियो।यसअघि दुई दिनअघि शनिवार नै बोर्ड बैठक बोलाइए पनि कुनै दस्ताबेज उपलब्ध नगराएको भन्दै बहुमत सदस्य अनुपस्थित भएपछि बैठक स्थगित हुन पुगेको थियो । त्यसपछि सोमवार बोलाइएको बैठकमा नौ सदस्यको कोरम पुगेपछि बैठक भएको हो । क्यानमा १७-सदस्यीय कार्यसमिति रहेको छ। तर बैठकमा आठ सदस्य अनुपस्थित भए। एनपीएलको आम्दानीजस्तै खुसीको खबर महिला क्रिकेटको लागि बन्यो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले नेपाली महिला क्रिकेटको विकासका लागि वर्षमा पाँच लाख अमेरिकी डलर अर्थात् सात करोड ६० लाख रुपैयाँ बराबरको बजेट खर्च गर्ने पनि निर्णय गरेको छ । आईसीसीबाट क्यानलाई प्राप्त हुने बजेटबाट त्यति रकम महिला क्रिकेटको विकास कार्यक्रममा लगानी हुने बताइएको छ । लामो समयदेखि बजेट अभावमा पछाडि पर्दै आएको नेपाली महिला क्रिकेटको विकासमा लगानी हुन लागेको यो अहिलेसम्मको ठूलो रकम हो । यसबाट महिला क्रिकेटको विकासमा उल्लेख्य प्रगति हुने ठानिएको छ ।

**कुल सङ्कलनः**
**४७ करोड ३६ लाख ५५९ रूपैयाँ**
**कुल खर्चः**
**२१ करोड ९६ लाख ५,१२३ रूपैयाँ**
**फ्रेन्चाइज टीमलाई बाड्नुअघिको रकमः**
**२५ करोड ३९ लाख ९५,४३५ रूपैयाँ**
**८ टोलीलाई नाफाको ५० प्रतिशत वितरणः**
**१६ करोड १८ लाख ७३,५०० रूपैयाँ**
**जम्मा बचतः**
**९ करोड २१ लाख २१,९३५ रूपैयाँ**

# इरान युद्धमा सहयोगका लागि नाटोलाई दबाब दिँदै ट्रम्प

**एएफपी**

वासिङ्टन ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटोलाई कडा चेतावनी दिनुभएको छ । साथै उहाँले ग्रिनल्यान्डको विषयमा आफ्नो धम्की दोहोऱ्याउनुभएको छ । ट्रम्पको उक्त चेतावनीले अमेरिका भविष्यमा सात दशक पुरानो सुरक्षा सङ्गठनबाट बाहिर जान सक्ने डर नाटो गठबन्धनका केही सदस्यहरूमा उत्पन्न गराएको छ ।

बैठकपछि नाटो महासचिव मार्क रुटसँगको छलफलमा ट्रम्पले इरानसँगको युद्धमा नाटोले आवश्यक सहयोग नदिएको अवस्थामा गठबन्धनमा भरोसा गर्न नसकिने स्पष्ट पार्नुभयो । उहाँले ट्रुथ सोशलमा पोस्ट गर्दै भन्नुभयो, "नाटो त्यहाँ थिएन जब हामीलाई उनीहरूको आवश्यकता थियो, र यदि हामीलाई तिनीहरूलाई फेरि आवश्यक पर्छ भने तिनीहरू त्यहाँ हुने छैनन् ।"

उहाँले ग्रिनल्यान्डको बारेमा 'ठूलो, खराब दौड, आइसको पिस' भनेर टिप्पणी गर्नुभयो, तर यसले के अर्थ राख्छ भन्ने स्पष्ट



पार्नुभएन । पूर्व डच प्रधानमन्त्री रुटले बैठकको वातावरणलाई खुला र स्पष्ट छलफल भएको बताउनुभयो, तर ट्रम्पले नाटो छोड्ने योजना स्पष्ट भने गर्न सक्नुभएन । ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले राष्ट्रपति र महासचिवबीच छलफल जारी रहेको र आवश्यक निर्णय केही घण्टाभित्रै सार्वजनिक हुन सक्ने बताउनुभयो ।

वाल स्ट्रिट जर्नलका अनुसार ट्रम्पले केही नाटो सदस्यहरूलाई असहयोगी ठानेर अमेरिकी सेनालाई तिनीहरूको देशबाट बाहिर सार्ने योजना पनि छलफल गर्न खोज्नुभएको थियो ।

उहाँले यस अधिका र हालका कदमहरूद्वारा नाटो गठबन्धनमा अस्थिरता सिर्जना गर्दै आएका छन् र यो अझ संवेदनशील बनेको छ किनभने अमेरिकाले इरानसँग हालै दुई हप्ताको युद्धविराम हासिल गरेको छ ।

ट्रम्पले नाटो सदस्यहरूको क्षमतामा प्रश्न उठाउँदै बेलायतका प्रधानमन्त्री किर स्टार्मरलाई 'विन्स्टन चर्चिल जस्तो साहसी नेता होइन' भनेर आलोचना गर्नुभयो र बेलायतको विमानवाहक जहाजलाई सानो र प्रभावहीन, अर्थात् 'खेलौना' जस्तो भन्दै उपहास गर्नुभयो । यस प्रकारका धम्कीहरूले संयुक्त राज्य अमेरिकाको परम्परागत मित्र राष्ट्रहरूमाथि असन्तोष सिर्जना गरेको छ ।

रुट अमेरिकी राष्ट्रपति ट्रम्पलाई शान्त र सहज महसुस गराउने र उहाँसँग मित्रतापूर्ण व्यवहार कायम राख्ने मुख्य व्यक्ति बन्नुभएको छ । उहाँले पेन्टागन प्रमुखसँग पनि भेट्ने अपेक्षा राख्नुभएको छ र अमेरिकीविदेशमन्त्री मार्को रुबियोसँग इरान, युक्रेन र नाटो जिम्मेवारीबारे छलफल गरिसक्नुभएको छ ।

ट्रम्प पुनः सत्ता फर्किएपछि, उनका कदमहरूले नेटोमा तनाव बढाएको छ । विशेष गरी ग्रिनल्यान्ड कब्जा गर्ने धम्की, युक्रेन-रूस युद्धमा सदस्य राष्ट्रहरूको सक्रियता नदिने निर्णय र मित्र राष्ट्रहरूले पर्याप्त रक्षा खर्च नगरेको खण्डमा सहयोग रोक्ने चेतावनीले गठबन्धनलाई चुनौती दिइरहेको छ । ट्रम्पको रणनीति र व्यक्तिगत शैलीले अमेरिका र अन्य शक्ति राष्ट्रहरूबीच अस्थिरता सिर्जना गर्ने अवस्था बढाएको छ ।

# क्लस्टर वारहेडसहित उत्तर कोरियाको परीक्षण




**एपी**

सियोल । उत्तर कोरियाले पछिल्लो हतियार परीक्षणमा क्लस्टर-बम वारहेड जडित ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दाबी गर्दै आफ्नो सैन्य क्षमता थप आक्रामक ढङ्गले विस्तार गरिरहेको सङ्केत दिएको छ । यस कदमले दक्षिण कोरियामाथि दबाब बढाउने मात्र नभइ, कोरियाली प्रायद्वीपमा तनाव अझ चर्काउने देखिएको छ ।

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेको विवरणअनुसार सोमबारदेखि सुरु भएको तीनदिने परीक्षण क्रममा विभिन्न नयाँ हतियार प्रणालीहरूको प्रदर्शन गरिएको थियो । यसमा विमानविरोधी प्रणाली, कथित विद्युत् चुम्बकीय हतियार तथा कार्बन फाइबर बमसमेत समावेश गरिएको उल्लेख छ । विशेषगरी आणविक क्षमता बोकेको ह्वासोङ-११ ब्यालेस्टिक मिसाइलमा जडान गरिएको क्लस्टर वारहेड प्रणालीलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ ।

यो जानकारी दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले दुई दिनभित्रै दोस्रो चरणको प्रक्षेपणमा पूर्वी तटीय क्षेत्रबाट बहुविध क्षेप्यास्त्र प्रहार गरेको पत्ता लगाएको एक दिनपछि सार्वजनिक भएको हो । दक्षिण कोरियाको संयुक्त सेना प्रमुखको कार्यालयका अनुसार ती मिसाइलहरू २४० देखि ७०० किलोमिटरसम्म उडेका थिए र समुद्रमा खस्नुअघि विभिन्न दूरी तय गरेका थिए। कम्तीमा एउटा प्रक्षेपण प्योङ्याङ नजिकबाट गरिएको पुष्टि गरिएको छ।

जापानको रक्षा मन्त्रालयले भने यी प्रक्षेपणहरू आफ्नो विशेष आर्थिक क्षेत्रभित्र नपरेको जनाएको छ । त्यस्तै, अमेरिकी सेनाले पनि ती परीक्षणहरूले तत्कालका लागि अमेरिका वा उसका सहयोगी राष्ट्रहरूलाई प्रत्यक्ष खतरा नदेखिएको प्रतिक्रिया दिएको छ ।उत्तर कोरियाली दाबीअनुसार, क्लस्टर वारहेड जडित छोटो दूरीका मिसाइलहरूले ६.५ देखि ७ हेक्टर क्षेत्रभित्रका लक्ष्यहरूलाई 'उच्च घनत्वको आक्रमण' मार्फत पूर्ण रूपमा ध्वस्त पार्न सक्ने क्षमता राख्छन् । यस्तो डिजाइन रूसी इस्कान्डर मिसाइल प्रणालीसँग मिल्दोजुल्दो रहेको पनि जनाइएको छ, जसले मिसाइल प्रतिरक्षा प्रणाली छल्ने उद्देश्य राख्छ ।

> **अमेरिकी सेनाले पनि ती परीक्षणहरूले तत्कालका लागि अमेरिका वा उसका सहयोगी राष्ट्रहरूलाई प्रत्यक्ष खतरा नदेखिएको प्रतिक्रिया दिएको छ ।**

दक्षिण कोरियाका संयुक्त सेना प्रमुखका प्रवक्ता जाङ डो-यङले भने यी प्रक्षेपणहरूको विस्तृत विश्लेषण भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार अमेरिका र जापानसँग समन्वय गरी सूचना आदानप्रदान भइरहेको छ, तर उत्तर कोरियाले दाबी गरेअनुसारको प्राविधिक प्रगतिको स्तरबारे तत्काल निष्कर्ष निकाल्न सकिने अवस्था नरहेको बताउनुभयो ।यी गतिविधिले उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध थप चिसिएको सङ्केत दिएका छन् । प्योङ्याङले सियोलको वर्तमान सरकारप्रति कटु टिप्पणी गर्दै आफूहरूका लागि दक्षिण कोरिया 'सबैभन्दा शत्रुतापूर्ण राष्ट्र' नै रहने दोहोऱ्याएको छ। उत्तर कोरियाका विदेश मन्त्रालयका प्रथम उपमन्त्री जाङ कुम चोलले वार्ता पुनः सुरु गर्ने प्रयासलाई व्यङ्ग्य गर्दै कडा अभिव्यक्ति दिनुभयो ।

उत्तर कोरियाली नेता किम जोङ-उनले सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि वासिङ्टन र सियोलसँगको कूटनीतिक संवाद प्रायः बन्द गर्नुभएको थियो । त्यसयता उहाँले आणविक क्षमता भएका मिसाइलहरूको विकासलाई तीव्र बनाउँदै अमेरिका र उसका सहयोगीहरूलाई लक्षित रणनीति अघि बढाइरहनुभएको छ । यसैक्रममा, उत्तर कोरियाले आफ्नो कूटनीतिक पहुँच विस्तार गर्ने प्रयास पनि जारी राखेको छ । सरकारी सञ्चारमाध्यमका अनुसार चिनियाँ विदेशमन्त्री वाङ यी दुई दिने भ्रमणका लागि बिहीबार प्योङ्याङ पुग्ने कार्यक्रम रहेको छ, जसलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

# पचपन्न लाख लागतमा खेलमैदान निर्माण

म्याग्दी । मालिका गाउँपालिका-६ डाँडागाउँमा पाखो सम्माएर हिमाली युवा क्लवको सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ ।

रु ५५ लाख ६५ हजार ५५५ को लागतमा भवन र खेलमैदान निर्माण भएको हो । सरकारी निकायको अनुदानको तुलनामा दोब्बर बढी समुदायस्तरबाट सहयोग र श्रमदान जुटाएर खेलमैदान र भवन निर्माण गरिएको क्लबका अध्यक्ष टुकमान जुग्जालीले जानकारी दिनुभयो । "खेलमैदान र भवन निर्माण भएको ठाउँ यसअघि भिरालो पाखा थियो", उहाँले भन्नुभयो, "डोजर लगाएर करिब ६० मिटर जमिन खारेर डिलमा पर्खाल बनाएर सम्माइएको हो ।" ६३ मिटर लम्बाइ र ३२ मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको हो । खेलमैदानको परिसरमा दुई कोठे भवन, 'स्टेज' र सार्वजनिक शौचालयसहितको भवन निर्माण भएको छ ।

डाँडागाउँमा यसअघि खेलमैदान नहुँदा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । सामुदायिक भवनमा भेला, बैठक, तालिम, गोष्ठी, सभा, समारोह र भोजभतेर सञ्चालन गर्न सहज भएको छ ।



क्लबले १५ वर्षअघि सुरु गरेको खेलमैदान निर्माण कार्यले अहिले पूर्णता पाएको हो । मालिका गाउँपालिकाबाट रु १७ लाख र गण्डकी प्रदेश सरकारबाट रु १२ लाख सहयोग प्राप्त भएको खेलमैदान र भवन निर्माणका लागि हिमाली युवा क्लबले रु चार लाख ७६ हजार बराबरको श्रमदान र फुलपाती आमा समूहले रु तीन लाख नगद सहयोग गरेका छन् ।

सुवास गर्बुजा, सविन पुन, रविन पुन, डाइमण्ड जुग्जाली, अमृत जुग्जाली, इन्द्र पुन, चकबहादुर पाइजा, सुरज जुग्जाली, चित्र पाईजा, गमबहादुर जुग्जाली, मन्दीप/सन्दीप/रघु जुग्जाली र लकमन पुनले रु एक/एक लाख सहयोग गर्नुभएको क्लवबा सचिव रोहन जुग्जालीले जानकारी दिनुभयो । रत्नसिंह गर्बुजाले रु ५५ हजार ५५५, माइकल पाईजा, सुर्ज/रेशम जुग्जाली, तिर्थमान/सज्जन जुग्जाली, नारायण जुग्जाली, रुविन जुग्जाली, जीवन पुनले रु ५०/५० हजार, कर्ण जुग्जालीले रु ३१ हजार, प्रवीन रानाले ३१ हजार, खिमबहादुर जुग्जालीले रु १७ हजार र रमेश पाईजाले रु पाँच हजार सहयोग गर्नुभएको क्लबले जनाएको छ ।

खेलमैदानको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली र भवनको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले बुधबार उद्घाटन गर्नुभयो । कार्यक्रममा सांसद जुग्जालीले ग्रामीण क्षेत्रमा पूर्वाधार विकासले तीव्रता पाए पनि जनस≍्या घट्नु र बसाइँसराइ बढ्नु चुनौती बनेकोमा चिन्ता व्यक्त गर्दै पर्यटन र कृषिमा आधारित उद्यम, व्यवसायमा लाग्न सुझाव दिनुभयो । भवन र खेलमैदान उद्घाटनका साथै नयाँ वर्षको अवसरमा क्लबका संस्थापक कासिराम जुग्जाली स्मृति प्रथम कप आयोजना गरिएको छ । भलिबल, फुटसललगायतका प्रतियोगिता सञ्चालन हुने क्लबले जनाएको छ । शुभारम्भ कार्यक्रममा सहयोगदातालाई सम्मान गरिएको थियो ।रासस

# निब्ल इक्विटी पार्टनर्सद्वारा जलविद्युत् आयोजनामा १५ करोड लगानी




**टुडे समाचारदाता**

काठमाण्डुं । निब्ल इक्विटी पार्टनर्सले सोलुखुम्बु जिल्लामा निर्माणाधीन ५.८७५ मेगावाट क्षमताको अपर जुनबेसी खोला जलविद्युत् आयोजनामा १५ करोड रुपैयाँ बराबरको इक्विटी लगानी गरेको छ। नेपाल धितोपत्र बोर्ड (क्भ्दइल) मा दर्ता भएको विशिष्टीकृत लगानी कोष अन्तर्गत सञ्चालनमा रहेको ल्क्ष्यीभ्ए, निम्ब एस क्यापिटल लिमिटेडद्वारा व्यवस्थापित कोष हो।

यस लगानीसम्बन्धी सम्झौता २०२६ मार्च १९ मा आयोजनाको प्रवर्द्धक कम्पनी गुरुखाज हिमालयन हाइड्रो लिमिटेडसँग औपचारिक रूपमा सम्पन्न भएको हो ।सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुमा अवस्थित उक्त आयोजना जुनबेसी खोलाको बहावमा आधारित एक घण्टा पिकिङ रन-अफ-द-रिभर (एच्यच) प्रकृतिको हो । यसले सीमित समयका लागि पानी सञ्चय गरी उच्च मागका समयमा बढी विद्युत् उत्पादन गर्न सक्ने क्षमता राख्छ । आयोजनाबाट वार्षिक करिब ३५.४३ गिगावाट आवर विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ, जसमा करिब ३३ प्रतिशत उत्पादन सुख्खा मौसममा हुने बताइएको छ ।

आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग ५.८७५ मेगावाट क्षमताको सम्पूर्ण विद्युत् खरिद-बिक्री सम्झौता गरिसकेको छ । उत्पादित विद्युत् ३३ केभी प्रसारण लाइनमार्फत टिङ्ला सबस्टेसनमा जोडिनेछ, जसका लागि आयोजनासँगै पूलिङ स्टेशन निर्माण भइरहेको छ ।

निब्ल इक्विटी पार्टनर्सका प्रमुख कार्यकारी अधिकृत शिवन्थ बी पाण्डेले यस लगानीले साना जलविद्युत् तथा स्वच्छ ऊर्जामा केन्द्रित आफ्नो रणनीतिलाई थप मजबुत बनाएको बताए। "यसले दीर्घकालीन ऊर्जा सुरक्षा र स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ," उनले भने।

त्यस्तै, गुरुखाज हिमालयन हाइड्रो लिमिटेडका प्रबन्ध निर्देशक सन्तोष भट्टराईले यस सहकार्यले आयोजना सम्पन्न गर्न गति दिने विश्वास व्यक्त गरे। "यो साझेदारीले दुर्गम क्षेत्रमा भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्नुका साथै नेपालको दिगो र स्वच्छ ऊर्जा रूपान्तरणको लक्ष्यमा टेवा पुऱ्याउनेछ," उनले बताए।

२०२६ जनवरीसम्म आयोजनाको करिब ७५ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ भने २०२७ अगस्टदेखि व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य राखिएको छ।

निब्ल इक्विटी पार्टनर्स, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडको सहायक संस्था निम्ब एस क्यापिटलको निजी इक्विटी पहल हो। यसले नेपालका सम्भावनायुक्त विकासोन्मुख कम्पनीहरूमा लगानी गर्दै दिगो मूल्य सिर्जना र व्यवसायिक पारिस्थितिकी प्रणाली सुदृढ पार्न योगदान दिँदै आएको छ।

गुरुखाज हिमालयन हाइड्रो लिमिटेड सोलुखुम्बुस्थित अपर जुनबेसी खोला जलविद्युत् आयोजना विकासमा संलग्न कम्पनी हो। कम्पनीले वातावरणमैत्री र भरपर्दो जलविद्युत् पूर्वाधार विकासमार्फत नेपालको ऊर्जा सुरक्षामा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

# चलचित्रका लागि सुखद रह्यो '२०८२'




काठमाण्डु । विसं २०८२ नेपाली चलचित्रका लागि समग्रमा सुखद रहेको यस क्षेत्रका जानकारहरूले बताएका छन् । यस वर्ष विषयवस्तु प्रधानसँगै 'स्टार' भनिने कलाकारका चलचित्रले दर्शक पाएका छन् अर्थात् यस वर्ष सबै किसिमका चलचित्र हेर्न दर्शक चलचित्र भवनमा पुगे । चलचित्र विकास बोर्डले यस वर्ष दुई सय ३० वटा नयाँ चलचित्र दर्ता र ९४ चलचित्रले चलचित्र जाँचका लागि सिफारिस प्राप्त गरेको जनाएको छ ।

यस वर्ष हालसम्म ५६ स्वदेशी र ९३ विदेशी चलचित्र प्रदर्शन भइसकेका छन् । यही चैत २७ मा प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' सँगै यो वर्ष प्रदर्शन हुने स्वदेशी चलचित्रको सङ्ख्या ५७ पुग्नेछ । बोर्डका अनुसार हाल नेपालमा एक सय ७२ चलचित्र भवन रहेका छन् भने चलचित्र उपलब्ध गराउने वितरक संस्थाको सङ्ख्या ४४ पुगेको छ ।

यस वर्षको हालसम्म नेपाली चलचित्र हेर्न ३७ लाख ८१ हजार ५४४ दर्शक चलचित्र भवन आउँदा रु एक अर्ब आठ करोड ३८ लाख ५७ हजार ९१० बराबरको व्यापार भएको छ। बोर्डअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (सिनेपा २ बक्सअफिस)मा रहेको तथ्याङ्कअनुसार गत कात्तिक १४ मा प्रदर्शन भएको चलचित्र 'परान' ले रु १७ करोड ७६ लाख ८४ हजार ४१० कमाई गर्दै घरेलुबजारमा सर्वाधिक कमाई गर्ने स्वदेशी चलचित्र बनेको छ। यस वर्ष सर्वाधिक कमाई गर्ने चलचित्र 'परान' का लागि कुल छ लाख ३० हजार ६९१ टिकट बिक्री भएका छन् ।

दीपकप्रसाद आचार्यले निर्देशन गर्नुभएको उक्त चलचित्रले विशेषतः परिवारलाई नै दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सफल भएको थियो । चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रवीन खतिवडालगायतका कलाकारले अभिनय गर्नुभएको छ ।

यस्तै, यस वर्ष सर्वाधिक कमाई गर्ने सूचीको दोस्रो स्थानमा चलचित्र 'आ बाट आमा' रहेको छ । उक्त चलचित्रका लागि पाँच लाख चार हजार ३२९ टिकट बिक्री हुँदा रु १३ करोड १३ लाख ७८ हजार ५२० कमाई भएको छ । आमा र छोरा बीचको कथा देखाइएको चलचित्र हालसम्म पनि नेपालका केही चलचित्र भवनमा प्रदर्शनरत छ। सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको तेस्रो स्थानमा चलचित्र 'जेरी अन टप' रहेको छ। उक्त चलचित्रले रु १२ करोड २८ लाख ८४ हजार कमाई गर्न सफल भएको छ। उक्त चलचित्रका लागि तीन लाख ९६ हजार ५९७ टिकट बिक्री भएका छन् ।

प्रेम कथानक चलचित्र 'ऊनको स्वीटर' यस वर्ष विसं २०८२ मा सर्वाधिक कमाई गर्ने चलचित्र सूचीको चौथो स्थानमा रहेको छ । उक्त चलचित्रले घरेलुबजारमा रु ११ करोड ४१ लाख ९२ हजार १९५ कमाई गरेको छ । नवीन चौहानले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि तीन लाख ९२ हजार २४३ वटा टिकट बिक्री भएका छन् ।यस्तै, पाँचौं स्थानमा रहेको चलचित्र 'जारी २' ले रु ६ करोड २४ लाख १७ हजार ४५३ कमाई गरेको छ । कवि उपेन्द्र सुब्बाले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि दुई लाख ९ हजार ३३३ टिकट बिक्री भएका छन् ।

यस्तै, सर्वाधिक कमाई गर्ने चलचित्रको छैटौं स्थानमा रहेको चलचित्र 'बलिदान' ले रु पाँच करोड १० लाख ५१ हजार १७२, सातौं स्थानमा रहेको चलचित्र 'मोहर' ले रु पाँच करोड आठ लाख ९५ हजार ५१२, आठौं स्थानमा रहेको चलचित्र ' हरिबहादुरको जुत्ता' ले रु चार करोड ७१ लाख ३८ हजार ६८७, नवौं स्थानमा रहेको चलचित्र 'माग्ने राजा' ले रु चार करोड ६९ लाख ४३ हजार ६५१ र दसौं स्थानमा रहेको चलचित्र 'माइतीघर' ले रु चार करोड १६ लाख ३१ हजार ८६३ कमाई गरेको छ।

यस वर्ष चलचित्रमा विषयवस्तु वा कथा आकर्षणसँगै 'स्टारडम' भएका कलाकारको चलचित्रलाई दर्शकको साथ प्राप्त हुनु सुखद रहेको चलचित्रकर्मीको भनाइ छ । समग्रमा चलचित्रका लागि यो वर्ष सुखद नै रहेको निर्देशक तुलसी घिमिरेको बुझाइ छ । झन्डै सात वर्षको विश्रामपश्चात् चलचित्र 'पहाड' मार्फत पुनः निर्देशनमा सक्रिय हुनुभएका उहाँले दर्शकको अपेक्षाअनुसारको चलचित्र निर्माण गर्न सके घरेलुबजार राम्रो रहेको विश्लेषण गर्नुभयो ।

"यहाँ रु ५० करोड व्यापार गर्ने चलचित्र पनि छन् भने रु ५० हजार व्यापार गर्ने पनि । यसकारण दर्शकसम्म चलचित्रको जानकारी पुग्ने हो भने घरेलुबजार नै पर्याप्त छ, तर त्यो सीमित चलचित्रको हकमा देखिएको छ । ती चलचित्रको समानता हेर्ने हो भने सबै सामाजिक विषयमा आधारित चलचित्र रहेका छन्", निर्देशक घिमिरेले भन्नुभयो, "नेपाली समाज र माटो सुहाउँदो चलचित्र बनाउन सके हामीले राम्रो बजार पाउँछौं ।"रासस

# सात वर्षमा पनि छ किमी सडक कालोपत्र भएन



फिक्कल । झापाको दमकदेखि इलामको माङसेबुङ हुँदै पाँचथरको चिसोपानी पञ्चमी जोड्ने दमक-चिसोपानी सडक (फाल्गुनन्द मार्ग) को पहिलो खण्ड कालोपत्रे सम्झौता भएको सात वर्ष पुग्यो ।

निर्माण कम्पनीले निर्धारित समयमा काम गरेको भए अहिले झापा-इलाम सीमाबाट माङसेबुङ गाउँपालिका-४ वडा कार्यालय मार्चेबुङ पुग्ने सडक कालोपत्रे भइसक्दथ्यो । सो सडकखण्ड कालोपत्रेका लागि विसं २०७५ मा नै काम थाले पनि अझै अधुरै छ । सम्झौताको सात वर्ष पुग्दासमेत सडक कालोपत्रे नभएपछि स्थानीयलाई यात्रा गर्न सास्ती छ। यस खण्डमा करिब सढे छ किलोमिटर कालोपत्रे भएको छ भने एक किलोमिटर अधुरै छ।

विसं २०७५ साउन २९ गते ३० महिनामा सक्नेगरी ठेकेदार कम्पनीसँग सम्झौता भएको सडक चौथो पटक म्याद थप गर्दा पनि सम्पन्न हुन नसकेको हो। अन्तिम पटक थपिएको म्याद २०८० साल असार मसान्तमै सकिएको छ । चारपटक म्याद थप्दासमेत काम पूरा भएको छैन।

रु २२ करोड ५९ लाख ६४ हजारमा छ दशमलव २९ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको थियो। हाल ठेकेदारकम्पनीलेदैनिकजरिवानामा काम गरिरहेको सडक डिभिजन दमकका डिभिजन प्रमुख श्यामकुमार यादवले बताउनुभयो ।

"अन्तिम पटक थपिएको म्याद साढे दुई वर्ष अघि नै सकिएको हो", उहाँले भन्नुभयो, "अहिले दैनिक जरिवानामा काम गरिरहेको छ, अब एक किलोमिटर जति कालोपत्रे हुन बाँकी छ, ताकेता गरिरहेका छौं ।" सो सडकको ३३ किलोमिटर ट्र्याक खुलेको छ । तर, सात वर्षमा छ दशमलव २९ किलोमिटर सडक कालोपत्रे नभएपछि स्थानीयवासी निरास छन् । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे सडकका कारण यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको माङसेबङ गाउँपालिका-३ का प्रविन लिम्बू बताउनुहुन्छ । "हिउँदमा धुलोले र बर्खामा हिँडडुल गर्न समस्या छ", उहाँले भन्नुभयो, "हामी केटाकेटी हुँदा निर्माण सुरु भएको सडकले पूर्णता नपाउँदा मजस्ता हजारौंले नागरिकले सास्ती खेप्नुपरेको छ ।"

सो सडकको दोस्रो र तेस्रो खण्डको काम भने ठप्प छ। दोस्रो खण्ड १५ किलोमिटर र तेस्रो खण्ड ११ किलोमिटर सडक चौडा गर्ने र कालोपत्रे गर्ने ठेक्का लुम्बिनी-गणपति जेभीले पाएको थियो। दुवै खण्ड सडक कालोपत्रे गर्ने गरी २०७६ फागुन २ गते ठेक्का लागेको थियो ।रासस

# 'लुङथुङ' ओझेलमा

भोजपुर । यहाँको हतुवागढी गाउँपालिका-४ स्थित 'लुङथुङ' प्रचारप्रसारका अभावमा ओझेलमा परेको छ ।

ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिए पनि आवश्यक संरक्षण, अध्ययन र प्रवर्द्धन नहुँदा यसको पहिचान सीमित बन्दै गएको छ । स्थानीयवासी विजयकुमार राईका अनुसार 'लुङथुङ' नाम आफैँमा किरात संस्कृतिको प्रतीक हो। किरात (वान्तावा) भाषामा 'लुङ' को अर्थ ढुङ्गा र 'थुङ' को अर्थ गाडिएको भन्ने हुन्छ। "यहाँ रहेको शिला हेर्दा नै आश्चर्य लाग्छ, मानौं कसैले चिरानी गरेर मिलाएर गाडेको हो", उहाँले भन्नुभयो, "करिब नौ फिट अग्लो यो शिला यसरी ठडिएको देख्दा जो कोही पनि अचम्मित हुन्छ।"

उक्त शिलामा 'मङ्गल सिंह राई ३४' लेखिएको पाइए पनि यसको वास्तविक इतिहास र स्थापना समयबारे स्पष्ट अभिलेख भेटिएको छैन। यद्यपि, पुस्तौंदेखि स्थानीय समुदायले यसलाई धार्मिक आस्थाको केन्द्रका रूपमा मान्दै आएका छन् । स्थानीय विश्वासअनुसार यो शिला गाउँको संरक्षणसँग जोडिएको छ र यसलाई अन्यत्र सारिएमा गाउँमा विपद् आउने जनविश्वास रहिआएको छ ।

"यो केवल ढुङ्गा मात्र होइन, हाम्रो पहिचान र आस्थासँग जोडिएको सम्पदा हो", राईले भन्नुभयो, "यही शिलाको नामबाट गाउँको नामसमेत 'लुङथुङ' रहन गएको हो । जुन हाम्रो इतिहासको जीवन्त प्रमाण हो ।" लुङथुङ क्षेत्र प्राकृतिक रूपमासमेत आकर्षक छ । हरियाली वातावरण, शान्त परिवेश र पहाडी भू-आकृतिले यो स्थानलाई पर्यटकीय हिसाबले सम्भावनायुक्त बनाएको छ। तर, आवश्यक पूर्वाधार अभावले गर्दा यहाँसम्म पुग्न कठिनाइ हुने गरेको छ। विशेष गरी पदमार्ग, सङ्केतचिह्न, सूचना बोर्ड र आधार भूत सुविधा नहुँदा पर्यटक आकर्षित गर्न चुनौती देखिएको छ ।

स्थानीय तहले भने यसको संरक्षण र प्रवर्द्धनका लागि प्रारम्भिक प्रयास थालेको छ। रासस

# किसानलाई अधिकतम दुई लाखसम्म अनुदान

इलाम । माइजोगमाई गाउँपालिकामा सञ्चालित ' उपाध्यक्षसँग युवा उद्यमी' कार्यक्रमबाट स्थानीयस्तरमै रोजगारी सिर्जना भएको छ । यसका लागि दुग्ध तथा घ्यू प्रशोधन , कोदोको बिस्कुट उत्पादन र यस वर्ष ललिपप निर्माण तथा दुग्ध उत्पादन प्रशोधनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।

गाउँपालिकाले कार्यक्रममार्फत मौरीपालन, अलैंचीखेती, पशुपालन,ब्युटीपार्लरतथाबिस्कुट उत्पादनजस्ता क्षेत्रमा उत्कृष्ट काम गर्ने उद्यमीलाई अधिकतम रु दुई लाखसम्म अनुदान दिएको थियो । " गाउँपालिकाका उपाध्यक्ष प्रवीना उपाध्यक्ष राईले भन्नुभयो, "व्यवसायमै सक्रिय उद्यमीलाई सामग्री तथा नगद सहयोग गर्ने गरेका छौं । हाम्रो मुख्य उद्देश्य स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु हो ।"पहिलो वर्ष दुग्ध तथा घ्यु प्रशोधन तालिम दिएपछि वडा नं १ का तुलबहादुर लिम्बूको कृषि तथा डेरी उद्योग, वडा नं २ की रेखा रिजालको पाण्डे डेरी उद्योग र वडा नं ६ का इन्द्र थेबेको एनएस डेरी उद्योगलाई सामग्री सहयोग गरिएको थियो ।

उक्त कार्यक्रमअन्तर्गत गत वर्ष कोदोको बिस्कुट उत्पादनसम्बन्धी तालिम दिइएर उत्कृष्ट छ व्यवसायलाई प्रोत्साहित गर्न नगद अनुदान दिइएको थियो । वडा नं १ की पार्वती भट्टराईले सञ्चालन गर्नुभएको भट्टराई बिस्कुट बेकरी उद्योगलाई वस्तुगत सहायता अनुदान दिइएको छ।

त्यसैगरी वडा नं ३ का रुद्रकुमार सञ्जेलको गहिरीगाउँ जैविक कृषि फार्म, वडा नं ४ का सनबहादुर लिम्बूको सुनौलो कृषि तथा पशुपालन फर्म, वडा नं ५ का लक्ष्मण खत्रीको कुशिका एकीकृत कृषि तथा पशुपन्छी फर्म, वडा नं १ की कञ्चन आचार्यको कञ्चन ब्युटीपार्लर तथा प्रशिक्षण केन्द्र र वडा नं ३ का लक्ष्मी तामाङ र पुजन प्रधानले सञ्चालन गर्नुभएको पशुपति पशुपालन तथा कृषि फर्मलाई नगद अनुदान प्रदान गरिएको थियो।

यस वर्ष ललिपप निर्माण तथा दुग्ध प्रशोधनसम्बन्धी तालिम ३० जनाले लिइएका छन् । अब उक्त सीपलाई व्यावसायिक बनाउनेलाई अनुदान दिने गाउँपालिकाले जनाएको छ । कार्यक्रमले गाउँका युवालाई विदेश होइन, आफ्नै माटोमै सम्भावना खोज्न प्रेरित गरिरहेको गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेले बताउनुभयो । बिस्कुट उत्पादनमा रु दुई लाख अनुदान पाउनुभएकी पार्वती भट्टराई थप व्यावसायिक बन्न प्रोत्साहन मिलेको बताउनुहुन्छ ।रासस


## मालपोत कार्यालय, मौलापुर, रौतहट

### ३५ दिने सार्वजनिक सूचना

जि.रो.साबिक गा.वि.स. सितलपुर वडा नं. ९ हाल फतुवा बिजयपुर नगरपालिका वडा नं. १ मा बस्ने तुलसी बैठा धोबी, शान्ति देवी र कान्ति देवीले आफ्नो बुवा/हजुरबुबा नाताको अनूप बैठाको नाम दर्ताको तपसिलमा उल्लेखित जग्गा आफ्नो नाममा संयुक्त नामसारी गर्न द.नं. ४५१३ मिति २०७९/१२/०४ गतेको माग निवेदन ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|---|
| रौतहट | सितलपुर | ८ख | ६९ | ०-०-१० | अनूप बैठा |

माथि उल्लेखित जग्गाको मोठ भिडान हुँदा ज.ध.को नाम अनूप बैठा, ठेगाना गम्हरिया मात्र उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. सितलपुर वडा नं. ८ ख, कि.नं. ६९ को ०-०-१० मात्र उल्लेख रही रोक्का देखिदैन भन्ने व्यहोरा उल्लेख रहेको देखिन्छ। फतुवा बिजयपुर नपा वडा नं. १को च,न,१११ मिति २०८२!१२!३ गतेको पत्रबाट जिरौ गाविस सितलपुर वडा न, ९ हाल फतुवा बिजयपुर नपा वडा न,१ मा बस्ने ज,ध,अनुप बैठा र निजको एकमात्र शृमती शान्ती देवि आफ्नो कालगतिले प्रलोक भैइ निजहरुको शेषपछी हक खाने तिनजना छोराहरू सुरज बैठा ,विशुन बैठा र तुलसी बैठा धोबी रहेकोमा जेठा छोरा सुरज बैठा र निजको एकमात्र श्रीमति सिलवा देविको मृत्यु क्रमशः मिति २०५५!१०!५ गते र मिति २०३२!१२!२५ मा भैइ निजहरुको दामपत्य जिवनबाट कुनै छोराको जाय जन्म नभैइ दुई मात्र छोरी शान्ती देवि र कान्ति देविको जन्म भएको हो।माईला छोरा विशुन बैठा निसन्तान रहि निजको आफ्नो कालगतीले मिति २०५२!०१!१० गते मृत्यु भैइ निजको शेषपछि हक खाने एकमात्र श्रीमति मनझरी बैठा धोबी अरु संग पोईला गैइ दामपत्य जीवन बिताई रहेकोमा अनुप बैठाको नाम दर्ताको माथी उल्लेखित जग्गा ज,ध, को छोरा / नातिनी नातापर्ने तुलसी बैठा धोबी ,शान्ती देवि र कान्ति देविको सन्युक्त नाममा नामसारी गरिदिन सिफारिस भैइ आएको हुँदा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निबेदकहरुको हक पुग्छ कि पुग्दैन ? कि सो बाहेक अरु कोहि पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हक भोगमा रहेको छ ? निबेदकहरु र मृतक बीच के नाता सम्बन्ध रहेको छ ? ज,ध,को के कति छोरा छोरी छन ? सो जग्गा कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? बिसुन बैठाको श्रीमतिको अवस्था के छ ? माग अनुसारको जग्गा नामसारी गरि दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन् ? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सुचनाको ३५ दिन भित्र बाटोको म्याद बाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानुन बमोजिम भैइ जानेछ ।


# दूध र मासु उत्पादनका लागि भैंसीको वंश सुधार कार्यक्रम

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले प्रदेशमा भैंसीको वंश सुधार कार्यक्रममार्फत दुग्ध तथा मासु उपादकत्व वृद्धि गर्ने योजना अघि बढाउने भएको छ । आयोजनालाई अघि बढाउन लुम्बिनी प्रदेश सरकारले भैंसी वंश सुधारका क्षेत्रमा कार्यरत विज्ञहरूसँग छलफलसमेत गरिसकेको छ ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आयोजनामा यससम्बन्धी विज्ञहरूसँग बुधबार प्राविधिक कार्यशाला आयोजना गरियो । कार्यशालामा नेपालमा भैंसीको विकास र अनुसन्धानका क्षेत्रमा लामो समयदेखि अनुसन्धान गर्दै आउनुभएका कृषि, वन विज्ञान अध्ययन संस्थान चितवनका प्रा डा भूमिनन्दन देवकोटाले सन् २०२४ को तथ्याङ्कअनुसार करिब ३३ लाख भैंसीहरू रहेका र यिनको कुल दूध उत्पादनमा ५७ प्रतिशत र मासु उत्पादनमा ३६ प्रतिशत योगदान रहेको बताउनुभयो ।

यस तथ्याङ्कअनुसार अन्य मुलुकको तुलनामा नेपालको औसत उत्पादन निकै न्यून जानकारी दिँदै उहाँले नेपालमा पालिने भैंसीका प्रमुख नस्लहरू स्थानीय लिमे, पार्कोटे, गड्डी विदेशी/त्रास गुरा जातका रहेको बताउनुभयो। "पशुमा वंश सुधारको मुख्य उद्देश्य अघिल्लो पुस्ताको तुलनामा श्रेष्ठ गुण भएका जिनहरूको सङ्ख्या बढाउनु हो । यसका लागि व्यवस्थापनसँगै आनुवंशिक क्षमतालाई अधिकतम बनाउनुपर्छ । यसमा उत्पादन 'रेकर्ड'का आधारमा उत्कृष्ट भैंसी छान्ने, पुर्खाको रेकर्ड हेरेर राँगा छान्ने, ती पशुका सन्तति वा छोरीहरुको रेकर्डका आधारमा साँढेको मूल्याङ्कन गर्ने, स्थानीय नस्ललाई मुर्रासँग 'क्रस' गराई उत्पादकत्व बढाउने जस्ता विधि अपनाउन आवश्यक छ", प्रा डा देवकोटाले भन्नुभयो ।



हिमालयन कलेजका कृषि, विज्ञान तथा प्राविधिक विषयका प्रा डा श्रीरामप्रसाद न्यौपानेले प्रस्तुत गर्नुभएको कार्यपत्रमा नस्ल सुधार कृत्रिम गर्भाधानबाट स्थानीय गाईभैंसीबाट बढी दूध दिने उन्नत जातका पशुहरू उत्पादन गर्न मद्दत पुगेको उल्लेख छ ।

नेपालमा हाल भैंसीपालनको सङ्ख्या ३३ लाख ९४ हजार ७२४ रहेको तथ्याङ्क छ। यसमध्ये लुम्बिनी प्रदेशमा रहेका तराईका छ जिल्लामा मात्र करिब ६९ प्रतिशत अर्थात् चार लाख ७३ हजार ६७४ भैंसी रहेका छन् । प्रा डा न्यौपानेले नेपालमा दुहुना भैंसीको सङ्ख्या नौ लाख ६५ हजार ९२० रहेका र तीमध्ये लुम्बिनी प्रदेशका छ जिल्लामा मात्र दुई लाख १६ हजार ७९२ अर्थात् ४३ प्रतिशत रहेको उल्लेख गर्नुभयो ।

"नेपालमा प्रतिदिन २७ लाख १८ हजार १७७ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ । त्यसमध्ये लुम्बिनी प्रदेशमा पाँच लाख १५ हजार ७८८ उत्पादन हुन्छ", उहाँले भन्नुभयो,"प्रदेशअन्तर्गत तराईका ६ जिल्लामा मात्र प्रतिदिन ६६ प्रतिशत अर्थात् तीन लाख ४२ हजार ५०३ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ। यसमध्ये यी जिल्लामा भैंसीको मात्र दूध उत्पादन ६४ प्रतिशत अर्थात् दुई लाख १९ हजार ५५४ मेट्रिक टन रहेको छ ।"

नेपालभर रहेका कुल भैंसीहरूमध्ये करिब २३ प्रतिशत लुम्बिनी प्रदेशमा मात्र छन् । यसले नेपालको डेरी र मासु व्यवसायमा लुम्बिनी प्रदेशको ठूलो योगदान रहेको पुष्टि गर्छ । लुम्बिनी प्रदेश, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका वरिष्ठ पशु चिकित्सक लोकराज भुसालले प्रदेश सरकारले २ वर्षदेखि परीक्षणका रूपमा तराईका सुस्तादेखि बर्दियाको राजापुरसम्म, हुलाकीमार्ग लक्षित भैंसीको वंश सुधार तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । रासस

# राष्ट्रिय बिदा घोषणा गर्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी स्वयंसेवक संघले माता सीता जन्मोत्सव "जानकी नवमी" र राजर्षि जनक जयन्तीका अवसरमा राष्ट्रिय बिदा घोषणा गर्न सरकारसँग माग गरेको छ ।

संघका अध्यक्ष स्वामी राम स्वराजले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत प्रधानमन्त्री तथा सम्बन्धित निकायलाई पत्र पठाउँदै यस्तो माग गरेका हुन् ।

संघले मिथिलाको पवित्र भूमिमा अवतरित माता सीता सम्पूर्ण विश्वका नारीहरूको मर्यादा, त्याग, धैर्य, पवित्रता र आदर्शको प्रतीक भएको उल्लेख गर्दै उनको जन्मोत्सवलाई राष्ट्रिय स्तरमा मान्यता दिनुपर्ने आवश्यकता औंल्याएको छ । पत्रमा माता सीताले नारी शक्ति, सहनशीलता र धर्मको अनुपम सन्देश मानव सभ्यतालाई दिएको तथा नेपाललाई विश्व समुदायमा आध्यात्मिक र सांस्कृतिक पहिचान दिलाएको उल्लेख गरिएको छ ।

त्यस्तै विदेहराज राजर्षि जनकलाई महान दार्शनिक, न्यायप्रिय शासक तथा आदर्श व्यक्तित्वका रूपमा चित्रण गर्दै नेपाल सरकारले उनीहरूलाई राष्ट्रिय विभूति घोषणा गरिसकेको भएपनि जन्मोत्सवमा राष्ट्रिय बिदा नदिइनु दुःखद र आश्चर्यजनक रहेको संघको भनाइ छ । अन्य राष्ट्रिय विभूतिहरूको जन्मजयन्तीमा बिदा दिइने परम्परा भए पनि जनक-सीताजस्ता ऐतिहासिक र सांस्कृतिक महत्वका व्यक्तित्वको सम्मानमा बिदा नदिइनुले राष्ट्रिय गौरवमाथि प्रश्न उठाएको उल्लेख गरिएको छ ।

संघले प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने जानकी नवमी (यस वर्ष २०८२ वैशाख १२ गते, शनिबार) तथा फाल्गुण कृष्ण अष्टमीका दिन मनाइने राजर्षि जनक जयन्तीमा राष्ट्रिय बिदा घोषणा गर्न माग गरेको छ । साथै यस विषयमा आवश्यक पहल गरी मन्त्रिपरिषद्बाट निर्णय गर्न प्रधानमन्त्री तथा गृह मन्त्रालयलाई विशेष अनुरोध गरिएको छ ।

संघले विगत वर्षहरूदेखि भइरहेको उपेक्षाको अन्त्य गर्दै सरकारबाट जानकी नवमी र राजर्षि जनक जयन्तीमा राष्ट्रिय बिदा घोषणा हुने विश्वास व्यक्त गरेको छ ।

# आर्थिक अभावले मृत्युसँग लड्दै कापर

**मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री रानीशर्मा तिवारीले दुर्घटनामा घाइते भएकाहरुको परिवारसँग अस्पतालमा गएर भेट्दै उपचार खर्च प्रदेश सरकारले व्यहोर्ने भनेर प्रतिबद्धता जनाएकी थिइन । घाइते हुने मन्त्री तिवारीकै निर्वाचन क्षेत्रका युवकहरु छन् । मन्त्री तिवारीले प्रतिबद्धता जनाएपनि पैसा नहुँदा उपचार आभावले अजय अहिलेसम्म अचेत अवस्थामै अस्पतालमा छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएका महोत्तरीको एकडारा गाउँपालिका-५ बथनाहाका २० वर्षीय अजय कापर आर्थिक अभावका कारण समयमै उपचार नपाउँदा मृत्युसंग संघर्ष गरिरहेका छन् । एसईई परीक्षा दिएर घर फर्कने क्रममा तीन दिनअघि भएको दुर्घटनापछि उनी अचेत अवस्थामा प्रादेशिक अस्पताल जनकपुरधामको सघन उपचार कक्ष (आईसीयू) मा राखिएका छन् ।

चिकित्सकहरूले उनको अवस्था जटिल रहेको बताउँदै थप उपचारका लागि बाहिर रेफर गरिसकेको दुई दिन बितिसक्दा पनि परिवारको कमजोर आर्थिक अवस्थाका कारण उनलाई अन्य अस्पताल लैजान सकिएको छैन । अजयका ६८ वर्षिय बुवा रामवरण कापर, जो दैनिक ज्यालादारी गरेर परिवार पाल्दै आएका छन्, उपचार खर्च जुटाउन नसक्दा असहाय बनेका छन् ।

उनका अनुसार चिकित्सकले दुर्घटनाको भोलिपल्ट नै बाहिर लैजान सुझाव दिएका थिए, तर आर्थिक स्रोत अभावले त्यो सम्भव हुन सकेको छैन । मंगलबार बिहान साढे ११ बजेको समयमा परीक्षा दिएर घर फर्कने क्रममा दुर्घटनामा परेका कापरको तीन बितिसक्दा पनि अझै आँखा खुलेको छैन् ।

दैनिक ज्याला मजदूरी गर्दै आएका कापरले भकानिदै भने, 'डाक्टरले दुर्घटना भएको भोली पल्ट बिहान नै यहाँ उपचार सम्भव नरहेका यहाँबाट बाहिर लग्नु भनेर रेफर गरिदियो । तर मसँग पैसा छैन्, कि छोरालाई अन्य ठाउँमा बाहिर लगेर उपचार गराऔं । दुई दिनदेखि पैसा नै खोजिरहेछु । आज पैसा आभावमा छोरा मृत्युसँग अस्पतालमै जुध्दैछन् गरीबलाई हेर्ने कोही छैन ।' दुर्घटनापछि मधेस



प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री रानीशर्मा तिवारीले दुर्घटनामा घाइते भएकाहरुको परिवारसँग अस्पतालमा गएर भेट्दै उपचार खर्च प्रदेश सरकारले व्यहोर्ने भनेर प्रतिबद्धता जनाएकी थिइन । घाइते हुने मन्त्री तिवारीकै निर्वाचन क्षेत्रका युवकहरु छन् । मन्त्री तिवारीले प्रतिबद्धता जनाएपनि पैसा नहुँदा उपचार आभावले अजय अहिलेसम्म अचेत अवस्थामै अस्पतालमा छन् ।

अजयको नातामा दाई पर्ने राजकुमार कापर भन्छन 'घरपरिवार चलाउन बुवासँग अजयले समेत दैनिक ज्यालादारीमा मजदुरी गर्दै आएका थिए ।' अजय पनि पढाइसँगै मजदुरी गर्दै घरखर्चमा सहयोग गर्थे। उनका बुवाले पहिले घोडागाडी चलाएर परिवार धानेका थिए, तर समयसँगै त्यो पेशा घटेपछि मजदुरीमा निर्भर हुनुपरेको थियो । अहिले परिवार आर्थिक संकटमा परेको छ ।

प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुन प्रसाद सिंहले भने 'गम्भीर अवस्थामा प्रादेशिक अस्पतालमा ल्याइएका अजयलाई न्युरो सर्जन डा. प्रधुम्न कुमार यादवले उपचार गर्दा केही सुधार आयो । तर उनलाई न्युरो सर्जनको टिमको आवश्यकता भएकाले यहाँ त्यो उपलब्ध नरहेकाले थप उपचारको लागि यहाँबाट अन्य ठाउँमा रेफर गरिएको छ । तर पैसा आभावले लगेको छैन ।'

उपचारमा खटेका डा. प्रद्युम्न कुमार यादव भन्छन् 'बिरामीको अवस्था गम्भीर छ । अहिले भेन्टिलेटरमा केही उपचार गरिदैछ । तर त्यो पर्याप्त छैन । अजयलाई सिभियर इन्जरी नन सर्जिकल अर्थात टाउकोमा रगत दुई वटा सेन्टरमा जमेको कारण यहाँ उपचार सम्भव छैन, न्यूरो सर्जन टीम नै चाहिन्छ ।

बितेको मंगलबार एकडारा गाउँपालिका ५ स्थित जलेश्वर सम्सी हुलाकी सडक खण्डमा दुईवटा मोटरसाइकल एक आपसमा ठोकिएर दुर्घटना भएको थियो । दुर्घटनापश्चात गाडीमा आगो लागेपछि तीनजनाको घटना स्थलमै जलेर मृत्यु भएको थियो ।

दुर्घटनामा परेर जलेश्वर नगरपालिका ६ बस्ने रामदयाल दासको २० वर्षीय छोरा रबि दास, सुरेन्द्र दासको छोरा २० वर्षीय सुभाष दास र एकडारा ३ बस्ने शत्रुधन मण्डलको छोरा अभिषेक मण्डलको मृत्यु भएको थियो ।

उक्त दुर्घटनामा अजयसँगै जलेश्वर ६ धबौली बस्ने सुरेश दासको छोरा रोहित दास र लखिन्द्र कापरको छोरा अभय कापर पनि गम्भीर घाइते भएको थियो । अजयलाई पैसा नहुँदा प्रादेशिक अस्पतालमा उपचारका लागि लगियो भने रोहित र अभयलाई जनकपुरधामकै रामजानकी अस्पताल ल्याइयो । रोहित र अभयको पनि पारिवारिक अवस्था कमजोर नै छ । उनीहरुको पनि पैसा आभावमा उपचार भइरहेको छैन । तिनका परिवाहरुले पनि सहयोगका लागि अपिल गरेका छन् ।

# चुरे संरक्षणको माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे संरक्षण, प्राकृतिक स्रोतको दिगोपन, तथा दलित-भूमिहीन सुकुम्बासीका अधिकारको माग गर्दै चुरे तथा वन जंगल संरक्षण अभियान नेपालले माइतीघर मण्डलामा शक्ति प्रदर्शन गरेको छ ।

प्रदर्शनमा सहभागी अभियानकर्मीहरूले चुरे क्षेत्रको द्रुत विनाश, सिर्सिया नदीको बढ्दो प्रदूषण, र ढुङ्गा-गिट्टी-बालुवाको अवैध उत्खनन तत्काल रोक्न सरकारलाई दबाब दिदै अवैध क्रसर उद्योगहरू बन्द गरी कानुनी दायरामा ल्याउनुपर्ने माग उनीहरूको रहेको छ ।

प्रदर्शनकारीहरूले बोकेका प्लेकार्डमा "जनताको सरकार जनताको लागि सिंहदरबारको ढोका किन बन्द?", "राष्ट्रको समस्या कहिले देख्छौ सरकार ?" जस्ता प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रेका छन् ।

अभियानकर्मीहरूले दलित तथा भूमिहीन सुकुम्बासीहरू वर्षौंदेखि भूमि अधिकारबाट वंचित रहेको र सरकारले उनीहरूको समस्या समाधानमा उदासीनता देखाएको आरोप लगाए ।

प्राकृतिक सम्पदाको अव्यवस्थित दोहनले वातावरणीय संकट गहिरिँदै गएको चेतावनी दिँदै उनीहरूले सिंहदरबारमा ज्ञापनपत्र बुझाउने प्रयास पनि गरेका छन् । चुरे संरक्षण अभियानका प्रतिनिधिहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलनलाई तीव्रता दिइने बताएका छन् ।

# इजलासमा पुग्यो जसपा नेपालको मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दल विभाजनविरुद्ध दायर गरेको मुद्दासर्वोच्च अदालतको पूर्ण इजलासमा पुगेको छ ।




न्यायाधीशहरू हरिप्रसाद फुयाँल, मनोजकुमार श्रेष्ठ र तिलप्रसाद श्रेष्ठको संयुक्त पूर्ण इजलासमा सुनुवाइका लागि पेसी तोकिएको बुझिएको छ ।

यसअघि संयुक्त इजलासले मुद्दामा गम्भीर संवैधानिक व्याख्या आवश्यक देखिएको ठहर गर्दै यसलाई पूर्ण इजलासमा पठाउने आदेश दिएको थियो । न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको इजलासले पूर्ण इजलासका लागि पठाउने पहिलो आदेश दिएको थियो ।

जसपा नेपाल छाडेका अशोक राईसहितका नेताहरूले निर्वाचन आयोगमा जसपा भनेर नयाँ दल दर्ताका लागि निवेदन दिएका थिए । आयोगले उनीहरूको निवेदन स्वीकृत गरी नयाँ दल दर्ता गरिदिएको थियो । तर अध्यक्ष यादवले आयोगको यो निर्णय गैरकानुनी रहेको दाबी गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए ।

यादवले आफ्नो दल छाडेर गएका ७ सांसदलाई सांसदको हैसियतमा कामकाज गर्न रोक लगाउन माग गर्दै अर्को रिट पनि दायर गरेका थिए। दुवै रिटलाई एउटै इजलासले हेर्ने गरी पेसी तोकिए पनि न्यायाधीशहरूले समयाभावका कारण हेर्न नभ्याएका थिए ।

यसअघि इजलासले यादवको पक्षमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यद्यपि सोही अवधिमा राई पक्षले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई विश्वासको मत दिएको थियो, जसले विवादलाई थप जटिल मोडतर्फ डोर्याएको छ ।

अब पूर्ण इजलासमा हुने सुनुवाइले जसपा विभाजन प्रकरण, सांसदहरूको मान्यता र निर्वाचन आयोगको निर्णयको वैधानिकताको विषयमा महत्वपूर्ण फैसला ल्याउने अपेक्षा गरिएको छ ।

# पूर्वपश्चिम राजमार्ग अवरुद्ध

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनस्थित चापिनी खोलामा डाइभर्सन बगाएपछि पूर्वपश्चिम राजमार्ग अवरुद्ध भएको छ ।

बुधवार राति भएको भारी वर्षापछि आएको बाढीले बिहीबार बिहान ४ बजेदेखि चार लेनमा विस्तार भइरहेको पूर्वपश्चिम राजमार्ग अन्तर्गत हरिवनको तीनघरे र बासाटोलको बिचमा पर्ने चापिनी खोलाको डाइभर्सन बगाउँदा राजमार्ग नै अवरुद्ध बनेको हो । पुरानो पुललाई मर्मत गर्ने र छेउमै अर्को पुल बनाउने काम भइरहेकाले डाइभर्सनबाट सवारी आउजाउ गर्दै आइरहेका थिए ।

डाइभर्सन बगाएसँगै अब पूर्वपश्चिम राजमार्गकै पुरानो पुलको मर्मत कार्य रोकेर सोही पुलबाट यातायात सूचारु गर्न माटो भर्ने काम भइरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले गोरखापत्र अनलाइनलाई जानकारी दिएका छन् । आधा-एक घण्टाभित्र पुरानो पुलबाट एकतर्फी भए पनि गाडी चलाउने गरी माटो भर्ने काम भइरहेको उनले बताए ।

इन्स्पेक्टर अधिकारीका अनुसार बाढीले बगाएको डाइभर्सन निर्माण गर्न भने समय लाग्ने अवस्था छ । सर्लाहीमा अहिले पूर्वपश्चिम राजमार्गको दर्जनौं स्थानमा डाइभर्सन गाड पास गराइ बक्स कलभर्ट र पुल निर्माण गर्ने काम भइरहेको छ ।

राति २ बजेपछि भएको भारी वर्षाले पानी जम्ने र हिलाम्मे भएकाले अन्य ठाउँको डाइभर्सनबाट पनि कष्टपूर्ण किसिमले सवारी साधन सञ्चालन भइरहेका छन् । कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) ले बर्खायामअघि नै पुल र कलभर्टको काम सम्पन्न गरिने जनाएको छ ।

निरन्तर पानी पर्न थालेपछि हाइवेमा डाइभर्सन गरेर गाडी चलाउन सम्भव नहुने भएकाले सडक भन्दा पुल र कलभर्टको काम प्राथमिकताका साथ भइरहेको आयोजनाका सूचना अधिकारी एवम् इन्जिनियर रामटहल यादवले बताए ।

# अवैध उत्खननमा कडाइ



**टुडे समाचारदाता**

रौतहट । जिल्ला विपद् व्यवस्थापन समिति रौतहटले अवैध उत्खन्नमा कडा गरेको छ । समितिको बिहीबार बसेको बैठकले कडाई गर्न १७ बुन्दे निर्णय गरेको छ ।

समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारीले दिनेश सागर भुसालको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय गौरको सभाकक्षमा बसेको बैठकले बाढी, आगलागी, डुबान तथा अवैध उत्खनन जस्ता समस्या नियन्त्रणका लागि महत्वपूर्ण १७ बुँदे निर्णय गरेको हो ।

बैठकले विशेषगरी बागमती र लालबकेया नदीका तटबन्ध पुराना र कमजोर बन्दै गएकाले तत्काल नयाँ निर्माण तथा मर्मत कार्यलाई उच्च प्राथमिकता दिन नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरेको छ । साथै, नदीमा बाढीका कारण बढेको बालुवाले जोखिम बढाएको भन्दै नदीको सतह व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।

त्यसैगरी, आगामी मनसुनलाई लक्षित गर्दै नदी नियन्त्रण तथा तटबन्ध निर्माणसम्बन्धी अधुरा आयोजनाहरू समयमै सम्पन्न गर्न जोड दिइएको छ । बैठकले बाढीका कारण बाँध भत्किने सम्भावना उच्च रहेको भन्दै समयमै पूर्वतयारी गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

आगलागी तथा अन्य विपद् न्यूनीकरणका लागि स्थानीय तहहरूलाई दमकल, पानी ट्यांकर लगायतका आवश्यक साधनसहित तयारी अवस्थामा रहन निर्देशन दिइएको छ ।त्यसैगरी जनचेतना अभिवृद्धि गर्दै चट्याङ, हावाहुरी र आगलागीबाट बच्ने उपायहरू व्यापक रूपमा प्रचारप्रसार गर्ने निर्णय पनि गरिएको छ ।

शीतलहरबाट प्रभावित परिवारलाई राहत वितरणलाई व्यवस्थित गर्दै हालसम्म खर्च भएको १ लाख १५ हजारभन्दा बढी रकमलाई अनुमोदन गरिएको छ भने आगामी दिनमा यस्ता राहत कार्यक्रमलाई थप प्रभावकारी बनाइने बताइएको छ ।

यसैबीच, बैठकले अवैध क्रसर तथा खानी उत्खननलाई कडाइका साथ नियन्त्रण गर्ने निर्णय गर्दै कानुनी दायरामा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ । चुरे क्षेत्र संरक्षणलाई समेत प्राथमिकतामा राख्दै कानुनअनुसार कडाइका साथ कार्यान्वयन गर्ने उल्लेख गरिएको छ ।

डुबान क्षेत्रको संरक्षण, विपद् सम्बन्धी पूर्वतयारी, उद्धार तथा पुनर्स्थापनामा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय बढाउने निर्णय पनि बैठकले गरेको छ । साथै, संरचनात्मक विकासका कारण बढ्दो जोखिमलाई व्यवस्थित गर्न विशेष ध्यान दिने जनाइएको छ ।

नेपाल-भारत सीमा क्षेत्रमा तटबन्ध निर्माण र मर्मतका कारण दक्षिणी रौतहटमा बाढीको जोखिम बढ्न सक्ने भन्दै यस विषयमा नेपाल सरकारले कूटनीतिक पहल गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । बैठकले जंगली जनावरबाट हुने क्षति नियन्त्रणका लागि समेत सम्बन्धित निकायमार्फत स्थानीय तहलाई आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रजिअ सागर भुषालको अध्यक्षतामा बसेको बैठकमा जिल्ला समन्वय समितिका सभापति रामअयोध्या राय यादव, परोहा नगर प्रमुख शेख वकिल, राजदेवी नगर प्रमुख भिवारी प्रसाद यादव, राजपुरका नगरप्रमुख डा. मो. राजिक आलम, बौधीमाईका नगरप्रमुख प्रदीप यादव लगायतका जनप्रतिनिधिसहित सहायक प्रजिअ जितेन्द्र कुमार यादव, प्रहरी उपरिक्षक सीताराम रिजालसहितकाव्यक्तिहरुकोउपस्थिति रहेको थियो ।

# पक्राउ गरिएकोमा आपत्ति

**टुडे समाचारदाता**

रौतहट । लेखापढी व्यवसायीहरूमाथि राज्य पक्षबाट बल प्रयोग गरी बिना ठोस प्रमाण पक्राउ गरिएको आरोप लगाउँदै रौतहटका सम्बन्धित व्यवसायी तथा उनीहरूको पेशागत संघ-संस्थाहरूले कडा आपत्ति जनाएका छन् ।

गौर र चन्द्रपुर क्षेत्रका मालपोत कार्यालयसँग सम्बन्धित घटनामा गौरबाट चार र चन्द्रपुरबाट एक जना गरी पाँच जना लेखापढी व्यवसायीलाई नियन्त्रणमा लिई थुनामा राखिएको विषयले यतिबेला जिल्लामा तरंग पैदा गरेको छ । उक्त घटनाको विरोध गर्दै व्यवसायीहरूले तत्काल रिहाइको मागसहित प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएका छन् ।

व्यवसायीहरूको भनाइअनुसार पक्राउ परेका सबैजना अदालतबाट वैधानिक रूपमा लाइसेन्स प्राप्त गरी मालपोत कार्यालयमार्फत भू-सेवा केन्द्र सञ्चालन गर्दै आएका पेशाकर्मी हुन्। सेवाग्राहीहरूको काम सहज बनाउन सक्रिय रहँदै आएका व्यक्तिहरूमाथि एक्कासि गरिएको कारबाहीले पेशामाथि नै



अन्याय भएको उनीहरूको गुनासो छ ।

उनीहरूले राज्य पक्षबाट प्रयोग गरिएका केही शब्दावली र व्यवहारप्रति पनि आपत्ति जनाउँदै त्यसले आफ्नो पेशागत प्रतिष्ठामा गम्भीर आँच पुऱ्याएको बताएका छन्। "पेशागत मर्यादामाथि प्रहार हुने गरी गरिएको व्यवहार कदापि स्वीकार्य छैन," व्यवसायीहरूको संयुक्त धारणा छ ।

यसै विषयमा लेखापढी व्यवसायी एसोसिएशन गौर तथा चन्द्रपुर, गरुडा र मौलापुर इकाइ समितिहरूको संयुक्त बैठक बसेर थप आन्दोलनका कार्यक्रमबारे समेत छलफल गरिएको जनाइएको छ ।

सोही निर्णयअनुसार तयार पारिएको ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय, गौरमा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालसमक्ष बुझाइएको हो। ज्ञापनपत्रमार्फत सम्बन्धित निकायसँग समन्वय गरी समस्याको शीघ्र समाधान गर्न तथा भविष्यमा यस्ता घटना नदोहोरिने वातावरण बनाउन माग गरिएको छ।

ज्ञापनपत्र बुझाउने क्रममा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएशन गौर रौतहटका अध्यक्ष हरिनारायण साह, चन्द्रपुर इकाइ अध्यक्ष दिननारायण चौधरी, गरुडा इकाइ अध्यक्ष हेमलाल साह तथा मौलापुर इकाइ अध्यक्ष बालेकिस्मत यादव लगायतको उपस्थिति रहेको थियो।सेवाग्राहीलाई अनावश्यक झन्झटमा पार्दै रकम असुल्ने कार्यमा संलग्न पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको हो ।

जग्गा पास, किनबेचलगायतका काम छिटो गराइदिने बहानामा सर्वसाधारणलाई प्रलोभनमा पारेर अनुचित लाभ लिँदै आएको आरोपमा उनीहरूलाई जिल्ला प्रहरी कार्यालय गौर,र ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको टोलीले तीन दिनअघि पक्राउ गरेको प्रहरीले जनाएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८